वर्ष : १७, अंक : ३९, काठमाडौं, २०७८ पुस ३० गते शुक्रबार, 13 January 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# मधेश विद्रोहको १६ वर्ष : उपलब्धि र संघर्ष

**मधेशी जनताले चाहेका मुद्दाहरू अझैसम्म पूरा हुन सकेका छैनन् । मधेशमा चाहेजस्तो विकासको अनुभूति हुन सकेको छैन । मधेशी जनताले काठमाडौंका शासकहरूभन्दा पृथक शासक खोजेका थिए, जो उनीहरुका आवश्यकता र दु:खलाई नजिकबाट जानुन् र सम्बोधन गरुन् तर आज सम्म समग्रमा केही पृथक अनुभूति भने हुन सकेको छैन ।**

**मधेशवाणी डेस्क**

काठमाडौ । पहिलो मधेश आन्दोलन भएको माघ ५ गते १६ वर्ष पूरा हुँदैछ । यस अवधिका मधेश आन्दोलनको विषयमा धेरै बहस र समीक्षा भए तर उपलब्धि केही प्राप्त हुन सकेको छैन । मधेश आन्दोलनकै नाममा केही मधेशी नेताहरू मन्त्री बन्न सफल भए पनि आम मधेशी जनताको जीवनमा त्यसको कुनै असर परेको छैन ।

यद्यपी माघ ५ लाई मधेशले 'बलिदानी दिवस'को रूपमा सम्झने गरेको छ । सुरूका दिनमा बलिदानी दिवसको अवसरमा खुब तामझामका साथ दिवसको स्मरण गरिन्थ्यो भने विस्तारै त्यो विस्मृत हुँदै गएको छ । किनभने आन्दोलन जति पुरानो हुँदै जान्छ त्यो आन्दोलनको विरासत पनि कमजोर हुन्छ । केही वर्षअघिसम्म बलिदानी दिवस मनाउन मधेशी दलहरूबीच अघोषित प्रतिस्पर्धा नै हुन्थ्यो भने अहिले वास्तै गर्न छाडिसकेका छन् । यस्तो लाग्छ मधेशका कुनै आन्दोलन नै भएको थिएन ।




२०६३ सालमा अन्तरिम संविधान जारी भएलगत्तै काठमाडौंको माइतीघरमा तात्कालीन मधेशी जनअधिकार फोरमले अन्तरिम संविधानको प्रतिलिपि जलाएको थियो । संविधानको प्रतिलिपि जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादव सहितका दर्जन बढी नेता गिरफ्तार भए । नेताको गिराफ्तारीको विरोधमा मधेशका जिल्लाहरूमा आन्दोलन सुरू भयो । राजमार्गमा टायर बालेर सुरू भएको जक्काजाम आन्दोलन माघ ५ गते लहानबाट जनविद्रोहको रूपमा मधेशभर फैलियो ।

२०६३ माघ ५ गते सिरहाको लहानमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट रमेश महतोको निधनको भएको थियो । त्यससँगै मधेश आन्दोलन उठेको हो । त्यही आन्दोलनबाट धेरै मधेशी नेताको उदय भएको र उनीहरू स्थापित पनि भए । धेरै मन्त्री पनि भए । तर मधेशी जनताले के पाए भन्ने प्रश्नको जबाब अहिले पनि मधेशले खोजिरहेको छ ।

त्यो बेला मधेश आन्दोलन मधेश विद्रोहको रूप लिनुको पछाडि माओवादीको गोली कारण बनेको थियो जसले मधेशको भावना भडकाउन मद्दत गऱ्यो । तर २०६३ पछि २०७२ को ९ वर्षको अवधिमा मधेशले दुईवटा आन्दोलन पनि गर्नु पऱ्यो ।

राजनीतिक रूपमा मधेश आन्दोलनको सफलता भनेको संघीयता हो जुन मधेश आन्दोलनकै कारण तत्काल संविधानमा सुनिश्चित भएको छ । पहिलो मधेश आन्दोलनले राजनीतिमा जुन उथलपुथल ल्यायो त्यसैको फलस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल बन्न पुगेको छ ।

माघे मधेश आन्दोलनपछि मधेशले राजनीतिक र सामाजिक अधिकार प्राप्तिका सवालमा धेरै उपलब्धि हासिल गरिएको विवेचना पनि गरिन्छ ।

मधेशी जनताको रगतको बलमा मुलुकमा संघीयता, पहिचान, धर्मनिरपेक्षाता, समावेशी-समानुपातिकसहितका मुद्दा स्थापित भएको छ । तर यति लामो समय बितिसक्दा पनि मधेशको अवस्थामा भने कुनै तात्विक अन्तर आएको देखिँदैन । मधेशले बगाएको रगतको मूल्य चुक्ता भएको छैन ।

संघीयताका लागि मधेशमा ठूलो जनविद्रोह भयो । २०६३ सालमा सुरु भएको मधेश जनविद्रोह संविधान जारी हुँदासम्म ३ पटक मधेशले आन्दोलन गर्नु पऱ्यो । दर्जनौं मधेशी जनताले आफ्नो ज्यानको वलिदानी दिए, सयौं घाइते, अशक्त भए । सयौं नागरिकहरु अहिले पनि आन्दोलनकै कारण जेलमा छन् । यति महँगो मूल्य चुकाएर भएको विद्रोहको उपलब्धी के ? जानकारहरुको भनाइमा मधेशले पाएको उपलब्धी राजनीतिक भएपनि त्यसलाई संस्थागत गर्न मधेशी दल असफल छन् ।

यद्यपी मधेश विद्रोहकै बलमा संघीयता स्थापित भएको हो र फलस्वरुप प्रदेश.२ मा मधेशी दलको सरकार रहेको छ । तर मधेश आन्दोलनको बलमा बनेको मधेश सरकारले पनि मधेश विद्रोहको मर्मलाई बुझ्न नसकेको टिप्पणी भइरहेको छ ।

प्रदेश २ मा मधेशी दलले सरकार बनाउन सक्नुमा मधेश आन्दोलनमा मधेशी जनताले दिएको सहादत नै महत्वपूर्ण हो ।

प्रदेश २ मन्त्रिपरिषद्को पहिलो बैठकले मधेश आन्दोलनका शहीद परिवार र घाइतेका परिवारको हितका लागि महत्वपूर्ण निर्णयहरु गरेको थियो तर आजसम्म आउँदा यसबाट लाभान्वित हुनेको संख्या न्यून छ ।

२०६३ माघ ५ गते का दिन सिरहाको लहानमा रमेश महतोले मधेशको लागि दिएको शहादतबाट मधेश आन्दोलनले उत्कर्ष प्राप्त गरेको थियो । तसर्थ यो दिन नेपालको इतिहासमा खास गरेर मधेशी जनताको मानसपटलमा वलिदानी दिवसको रुपमा मनाइँदै आइएको छ ।

यसै दिन मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मानको लागि आन्दोलनको सूत्रपात भएको दिनको रुपमा सम्झिने गरिन्छ । माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलनको उत्कर्षले नै नेपाललाई संघीय मुलुकमा रुपान्तरण गरेको बुझाइले समेत यो दिनलाई मधेशी शक्तिले विशेष रुपमा बलिदानी दिवस मनाउने गरेको छ ।

राजनीतिक रुपमा बितेको १६ वर्षमा मधेश र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ र यसले नेपालको

*बाँकी अन्तिम पृष्ठमा*

## डा.अहिराजद्वारा बर्दियामा पृथ्वीनारायण शाहको शालिक अनावरण



बर्दिया । ३००औं पृथ्वी जयन्तीको अवसरमा प्रदेश नं. २ का पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले राष्ट्र निर्माता पृथ्वीनाराण शाहको पूर्ण कदको शालिक अनावरण गरेका छन् । बर्दिया जिल्लाको गुलरियामा मंगलबार पृथ्वी जयन्तीको अवसरमा डा.अहिराजले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पूर्ण कदको शालिक अनावरण गरेका हुन् । बर्दिया निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वसिंचाइमन्त्री संजय कुमार गौतमको सांसद पूर्वाधार विकास कोषद्वारा गुलरियामा पृथ्वीनारायण शाहको शालिक निर्माण भएको हो । शालिक अनावरण गर्दै डा.अहिराजले पृथ्वीनारायण शाहको नेपाल निर्माणमा योगदानबारे चर्चा गरेका थिए । उनले आज नेपाललाई विश्वसामु चिनाउन उनको अविश्मर्णीय योगदान रहेको बताए ।

## मधेश आन्दोलनका शहीद परिवारलाई प्रदेश २ सरकार तीन लाख रूपैयाँ दिने

सप्तरी । बलिदानी दिवसको अवसरमा प्रदेश नं. २ को सरकारले मधेस आन्दोलनमा शहीद भएकाको परिवारलाई ३ लाख रुपैयाँ उपलब्ध गराउने भएको छ ।

प्रदेश नं. २ का अर्थमन्त्री शैलेन्द्र साहले आगामी माघ ५ गते प्रदेश सरकारले मनाउने बलिदानी दिवसको अवसरमा शहीद परिवारलाई जनही ३ लाखका दरले उपलब्ध गराउने बताएका छन् ।

यसपटक प्रदेश सरकारले राजविराजमा बलिदानी दिवस मनाउँदैछ । बलिदानी दिवसमा मधेश आन्दोलनमा शहीद भएका ५७ जनाको परिवारलाई रु ३ लाखका दरले प्रदान गरिने प्रदेश अर्थमन्त्री साहले बताए ।

नेपाल पत्रकार महासंघ, शाखा सप्तरीले सोमबार आयोजना गरेको लोकेन्द्र स्मृति दिवस कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले आयआर्जनमा सहयोग पुर्याउने उदेश्यले यो रकम प्रदान गरिने बताए ।

यस्तै, मधेश आन्दोलनमा घाइतेलाई पनि रकम प्रदान गरिने उनले बताए । उनले घाइतेको अवस्था हेरि २५ हजारदेखि ३ लाखसम्म प्रदान गरिने प्रदेश सरकारको निर्णय भएको जानकारी दिए ।

## 'हामी नेपाली नागरिक आमा-बुवाका सन्तान कहिलेसम्म अनागरिक सरकार'

काठमाडौं । सरकारले आफ्नै नागरिकलाई अनागरिक बनाएको भन्दै काठमाडौंको माइतीघर मण्डलामा धर्ना दिइएको छ । नागरिक संघर्ष समितिको अगुवाईमा नागरिकता माग्दै धर्ना दिइएको हो ।

सोमबार धर्नामा बसेकाहरुले नागरिकताबाट आफूहरुलाई बञ्चित गरिएको विरोधमा धर्नामा बस्नु परेको बताएका छन् । सरकारले नागरिकमाथि अमानवीय व्यवहार देखाएको उनीहरुको गम्भिर आरोप छ ।

धर्नामा सहभागी भएकाहरुले 'हामी नेपाली बाबु-आमामा सन्तान, कहिलेसम्म अनागरिक बन्नु पर्ने सरकार', 'संविधान अनुसार नागरिकको व्यवस्था गर' भन्ने जस्ता प्लेकार्ड प्रदर्शन गरेका थिए ।

## किसान आन्दोलनमा राजेन्द्र महतोको समर्थन र ऐक्यबद्धता

काठमाडौं । मलखाद, बिउविजन, सिचाई, उखु किसानको भुक्तानीलगायतको माग राख्दै जारी किसान आन्दोलनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका वरिष्ठ नेता तथा सांसद राजेन्द्र महतोले समर्थन र ऐक्यबद्धता जनाएका छन् । महतोले शनिबार एक विज्ञप्ति जारी गरी किसानका माग सम्बोधन गर्नुको सट्टा सरकारले गरिरहेको दमनको घोर भर्त्सना गरेका छन् । महतोले विज्ञप्तिमा भनेका छन्, 'किसानहरु सडकमा उत्रिए पनि सरकारले उचित व्यवस्थापनसहितको संवाद नगरी दमनमा उत्रिएको देख्दा सरकारको किसान विरोधी मानसिकता उजागर भएको छ ।' वर्षौदेखिको समस्याहरु लिएर चिसो मौसममा किसानहरु सडकमा उत्रिन बाध्य भएकोमा किसानहरुको मागको समर्थन र आन्दोलनप्रति एक्यबद्धता व्यक्त गर्दै पक्राउ परेका किसान नेताहरुलाई तत्काल रिहा गरी वार्ता संवादमार्फत किसानहरुको माग पुरा गर्न उनले सरकारसँग अनुरोध गरेका छन् । साथै, महतोले आन्दोलनका क्रममा घाइते भएका किसानहरुको शीघ्र स्वास्थ्य लाभको कामनासहित उपचारको व्यवस्था नेपाल सरकारसँग आग्रह गरेका छन् ।

## परमादेशी सरकार जनतामा जान डरायो : साह

वीरगंज । नेकपा एमालेका स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री प्रभु साहले संविधानअनुसार समयमा उपनिर्वाचन नगराउनु सरकारको असक्षमता रहेको बताएका छन् । मंगलबार बीरगंजमा एमालेको आठौं पर्सा जिल्ला अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता साहले हारको डरले गठबन्धन सरकारले उपनिर्वाचन नगराएको बताए । विभिन्न जालझेल तथा षड्यन्त्रपूर्ण ढंगले परमादेशबाट आएको सरकार जनतामाझ जानबाट डराएको पुष्टि भएको उनको भनाई छ । एउटै विधि मानेर राष्ट्रिय सभाको चुनाव गर्न सक्ने सरकारले ६ महिनाभित्र अनिवार्य चुनाव गर्नुपर्ने संवैधानिक व्यवस्था लत्यानुले गठबन्धन सरकार जनताबाट बहिष्कृत रहेको पुष्टि भएको नेता साहले जीकिर गरे । 'पछिल्लो राजनीतिक उतारचढावको नतिजास्वरुप देशका विभिन्न क्षेत्र आज प्रतिनिधि विहीन छ । संविधानले नै एक वर्ष कार्यकाल बाँकी रहेको अवस्थामा अनिवार्य रुपमा ६ महिना भित्र उप निर्वाचन गर्नुपर्ने व्यवस्था छ' साहले भने, 'विभिन्न षड्यन्त्रपूर्ण ढंगबाट बनेको परमादेशी गठबन्धन सरकार जनताबाट डराईरहेको छ । चुनाव हारिन्छ कि भन्ने त्रासका बीच यो जनविरोधी सरकारले उपनिर्वाचन गर्न नचाहेर पुष्टि गरेको छ कि वर्तमान सरकार जनताबाट बहिष्कृत सरकार हो ।' 'उहीं विधि पद्धति मानेर राष्ट्रियसभा निर्वाचन गर्न सक्ने सरकार आखिर उपनिर्वाचन किन गर्न चाहिरहेको छैन् ? जनताको हकको हनन गर्न पाईदैन, सरकारसँग थोरै पनि नैतिकता बाँकी छ भने उपनिर्वाचन गराओस । यो गठबन्धनलाई जनताले असली हैसियत देखाईदिने छन्' उनले भने ।

## सम्पादकीय

# किसान आन्दोलनलाई बेवास्ता कहिलेसम्म ?

नेपाल कृषिप्रधान देश हो भनेर किताबमा पढाइन्छ तर कृषिक्षेत्र र किसानको अवस्था के छ भन्ने कुराबारे चर्चा गरिदैन। कृषिप्रधान देश भनेर नारामा मात्रै सीमित रहेको छ। वास्तविक धान खेती गर्ने किसानहरुको समस्या के छ त यसको समीक्षा पनि गर्ने हो। कृषि उपज खाद्यवस्तुहरु गहुँ, धान लगायतको बजार व्यवस्थापनबारे कुनै किसिमको बहस वा चर्चासमेत भएको छैन। उन्नत बीउबीजनको व्यवस्थापनबारे कुनै नीति नियम छैन। धान उब्जाउन चाहिने आवश्यक मलखाद्य परिपूर्तिका बारे चर्चा भइरहेको छैन। करिब तीन सातादेखि अहिले मधेशका किसानहरु आन्दोलित छन्। धान उत्पादनदेखि लिएर बजार व्यवस्थापनमा ध्यान पुग्न सकेको छैन। नेपाल सरकारले धानको प्रति क्विन्टल मूल्य तोकेको छ। सरकारले मूल्य त तोक्यो तर त्यसको खरिद केन्द्र पालिकाहरुमा राखिएन। खरिद केन्द्र नहुँदा किसान बाध्य भएर सस्तो मूल्यमा बेचिरहेका छन्। एउटा गरिब किसानले आफ्नो धान लिएर धेरै टाढा वा शहरी क्षेत्रमा बिक्री गर्न जान सक्दैन। एउटा किसान त प्रति क्विन्टल ६ सय रुपैयाँ घाटा अहिले पनि व्यहोरिरहेका छन्।

जब किसानले आफ्नो मिहेनतको प्रतिफल पाउँदैन भने उ कसरी खुसी हुन्छन् ? किसान दुःखी हुनु भनेको राज्यका लागि ठूलो शर्मनाक कुरा हो। किसान दुःखित छन्, राज्यसत्ता चीर निद्रामा छ। किसानको पीडा बुझौं, त्यसमा बहस गरौं।

यसबाट किसानले पाउनुपर्ने फाइदा हुन सकिरहेको छैन। यो बहुत दुःखद पक्ष हो। सबै पेशाका मान्छेले किसानलाई सम्मान गर्नुपर्छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत धान पैकेट क्षेत्र छुट्याइनुपर्ने हो। त्यसमा बीउ, बीजन, कृषि औजार लगायतका सुविधाहरु निःशुल्क दिनुपर्ने कार्यविधि रहेको छ। तर कहीं पनि कृषि ज्ञान केन्द्रले किसानहरुलाई राखेर समिति नै बनाउँदैन। त्यहाँ हुनेखाने, पहुँचवालाहरुलाई राखेर समिति बनाइन्छ। जसबाट गरिब किसानहरु लाभान्वित हुन सकिरहेका छैनन्। सरकारले दिएको सुविधा लक्षित वर्गसम्म पुग्यो कि पुगेन भन्ने कुरा कुनै निगरानी नै छैन। सरकारले नीतिहरु राम्रा-राम्रा बनाउँछ, ठूलठूला नाराहरु दिन्छ तर त्यसको कार्यान्वयन पक्ष अत्यन्त कमजोर छ। पहिलादेखिकै किसानलाई ठग्ने परम्पराको निरन्तरता मात्रै हो। जब किसानले आफ्नो मिहेनतको प्रतिफल पाउँदैन भने उ कसरी खुसी हुन्छन् ? किसान दुःखी हुनु भनेको राज्यका लागि ठूलो शर्मनाक कुरा हो। किसान दुःखित छन्, राज्यसत्ता चीर निद्रामा छ। किसानको पीडा बुझौं, त्यसमा बहस गरौं। सरकारले गरेको प्रतिबद्धता पनि पूरा गर्न सक्दैन भने यो कस्तो राज्य हो ? यस्ता निरीहता प्रकट गर्ने सरकारले किसानका लागि के नै गर्न सक्छ। यो सरकार नै निरीह रहेको छ, किसानमारा छ। किसानमा आत्मसम्मान जगाउने यो न्यायिक संघर्ष हो। कसरी कृषि प्रधान देश हो ? किसानलाई रुवाएर देश चल्छ ?

# कृषि समस्या र किसान आन्दोलन

**विचार-विश्लेषण** भाग-११६



उपेन्द्र झा

कुनैबेला जनताका लागि कृषि नै जीवनाधार रहेको अवस्थामा ८५% जनता कृषिमा आधारित थिए। कृषि जनताको मान, सम्मानको माध्यम थियो। ०३५/०३६ सालसम्म नेपालले २४ करोड ३८ लाख ६३ हजार मूल्यको चामल निर्यात गरेको थियो। ४२ वर्षपछि चालू आ.व.को ५ महिनामा नेपालले १ खर्ब ८६ अर्ब ४७ करोडको कृषिजन्य वस्तु आयात गरेको छ। यो कुल आयातको २२.२४% हो। ०७५/०७६ को यही अवधीमा ३६ अर्ब २० करोड ४८ लाखको कृषि उत्पादन आयात भएको थियो। आयातको दरलाई हेर्दा कृषि उत्पादनमा सरकारको कुनै चासो नरहेको प्रतीत हुन्छ।

देशको व्यापारघाटा चालू आ.व.को ५ महिनामा ७ खर्ब ३८ अर्ब ४४ करोड रहेको छ। गत वर्ष सोही अवधीमा २ खर्ब ६१ अर्बको व्यापार घाटा थियो। चालू आ.व.को यही अवधीसम्म आयात ८ खर्ब ३८ अर्ब रहेको छ। निर्यातको अवस्था गत वर्षको तुलनामा केही सुध्रेपनि त्यसले आयातमा खासै कमी ल्याउन सकेन।

रेमिट्यान्सको आप्रवाहले गर्दा जनतामा क्रयशक्ति बढेकोले विलासी सवारी साधन किन्ने, चढने होडवाजी बढेको छ। पेट्रोलियम पदार्थ, आयरन एण्ड स्टील, मेशीनरी उपकरण, विद्युतीय सामग्री आदिको अनावश्यक आयातले व्यापार घाटालाई उच्च विन्दुमा लगेको छ। उत्पादनको नाममा बैंकबाट लिएको ऋण रकमले पनि आयातको दरलाई बढाएको छ। कर्जाको ४५% वस्तु आयातमा खर्च भै रहेको छ। हाम्रो उत्पादनको न्यून अवस्थाले पनि आयातमा कमी ल्याउने गुँजाईश छैन।

कृषि उत्पादन बढाउन सरकारको बजेट विनियोजन भए पनि परिणाममुखी योजनाको कार्यान्वयन नभई बिचौलियाहरु भ्रष्टाचार गर्ने उद्देश्यले योजनासंग खेल्ने कार्य गरेकाले योजनाको सफलता कठीन भएको छ। कृषिक्षेत्रको विकासका लागि योजना बनाउने, बजेट विनियोजन गर्ने आदि वार्षिक रुपमा हुँदै आउँदा पनि कृषिक्षेत्रमा कुनै परिवर्तन नदेखिनु ठूलो विडम्बना हो।

नेपालको कृषि निर्वाहमुखी पनि नरहेको अवस्थामा मानिस पेशा परिवर्तन गर्दै ८५ प्रतिशतबाट ६५ प्रतिशत मानिस कृषि पेशामा सम्मिलित रहेका छन। कृषिको दयनीय अवस्था त कृषिजन्य वस्तुको आयातबाट नै थाहा हुन्छ। समस्यै समस्याबाट जेलिएको कृषिक्षेत्र अहिले आफ्ना केही माँग राखेर तराईमा आन्दोलन गरि रहेका छन्। मलखाद समय मै जनतालाई उपलब्ध गराउने सरकारी जिम्मेवारी हो। यसलाई शान्तिपूर्ण किसिमले स्मरण गराउँदा आन्दोकारीमाथि प्रहरीले गोली चलाउँदा ७ जना घाईते भएका छन। त्यसमध्ये दुई जनाको अवस्था गम्भीर बताईएको छ।

हालै जनकपुरमा किसानको शान्तिपूर्ण आन्दोलनमाथि अमानवीय ढंगले प्रहरीको बर्बरपूर्ण हस्तक्षेप निन्दनीय छ। पहाडको आन्दोलनमा पानीको फोहोरा, अश्रुगैस प्रयोग गर्ने प्रहरी मधेशको आन्दोलनमा छाती र टाउको ताकी गोली चलाउने कस्तो न्याय हो। मधेशप्रति सरकारको नियत अहिले पनि भेदभावपूर्ण रहेको स्पष्ट छ।

किसान आन्दोलनमाथि प्रहरीको अमानवीय ढंगको हस्तक्षेप विरुद्ध राजनीतिक दलहरु ( मधेशका) चुँईक्क नबोल्नु पुर्वाग्रही राजनीतिको अर्को उदाहरण के हुन सक्दछ ? किसान समग्र देशको प्रतिनिधीत्व गर्छ। यसमा पहाडी, मधेशी हुँदैन। दलगत कित्ता हुँदैन। सीके राउतले नेतृत्व गरेको किसान आन्दोलनको समस्या सबै किसानको समस्या होइन ? भ्रष्टाचारमा लिप्त हुनेहरु पनि बडो गर्वका साथ नेपाल कृषि प्रधान देश हो भन्छन। कृषि प्रधान देश भनेर कृषिलाई अधोगतिमा पुऱ्याउने जिम्मेवार व्यक्तिको देशप्रति कस्तो दायित्व हो ? केही लाज नराखी कृषिक्षेत्रलाई लामो समयदेखि अनियमितताको शिकार बनाएर ध्वस्त गर्ने संयन्त्रबाट देशको उन्न्ती, प्रगतिबारे सोच्नु दिवा स्वप्न नै हो।

किसान आन्दोलनलाई दलगत दृष्टिकोणबाट हेर्नु हुँदैन। कृषि समस्या समग्र किसानको समस्या हो। कृषि पेशामा संलग्न हुनेलाई यति सजिलोसित वेवास्ता गर्न मिल्दैन। कृषि समस्यालाई दीर्घ रुपमा निदान गर्न नीति, योजना, व्यवस्था केही नरहेको अवस्थामा किसानले भोगिरहेको पीडालाई मुखरित गर्छ नै। किसान आन्दोलन त्यही आवाज उठाएको हो। त्यस आवाजलाई शान्तिपूर्ण ढंगले उठाउँदा टाउको र छातीमा गोली खानु पर्ने लोकतान्त्रिक सरकारको जनताप्रतिको यो कस्तो लोकतान्त्रिक व्यवहार हो।

देशलाई अधोगतिमा पुऱ्याउनेहरुले देशमा समस्या नराखे रजाईं गर्न पाइन्न भन्ने मान्यताका साथ बसेका छन। अनियमितताको हद पार भएपछि सुधारका प्रयासहरुको थालनी हुन्छ भन्छन्, तर यहाँ त अनियमिततालाई पेशा बनाएर खानेहरुका लागि देशको उन्नती, प्रगतिको के अर्थ ? उनको काम देशलाई चुसेर खाने हो। उनलाई जुन आन्दोलनले बाधा पुऱ्याउँछ, त्यसलाई ठोक्ने हो।

कृषिलाई बेथितिमा राख्दा आवाज उठछ नै। पंचायत व्यवस्थाको बर्बर युगमा पनि कृषि समस्याको विषयमा आवाज उठाउने भीमदत्त पन्तलाई शहादत दिनु पऱ्यो। यसरी बेथिति विरुद्ध आवाज उठी रहन्छ। सरकार समक्ष सबैले आफ्नो कुरा शान्तिपूर्ण राख्न पाउने अधिकार छ। लोकतान्त्रिक सरकार त्यो कुरालाई सुनेर समाधान खोज्ने हो। नकि बर्बरतापूर्ण आक्रमण गर्ने हो। सरकारले निहत्था किसानमाथि गोली चलाएर बर्बर युगको याद दिलाएको हो।

सीके राउतको किसान आन्दोलन आफ्नो राजनीतिक रोटी सेक्ने प्रयासले गरिएको आन्दोलन हो। यसलाई कसैको समर्थन छैन भन्ठानेर सरकारलाई गोली ठोक्ने अधिकार छ ? के यो सरकारको अन्यायपूर्ण कुकृत्य होइन ? के सरकारको यस्तो निन्दनीय कार्य भर्त्सना योग्य छैन ? मधेशका राजनीतिकर्मीहरु यसबारे किन मौन छन। किन सरकारको यस्तो कुकृत्यलाई ढाकछोप गरेका छन्। केही व्यक्तिहरुले सरकारको यो कदमलाई निन्दनीय भनेर विरोध गरेपनि पार्टीगत रुपले सबै मौन नै देखिएका छन। सरकारमा बसेका मधेशका दल तथा विपक्षमा रहेका मधेशका दल सरकारको यस बर्बरतापूर्ण प्रहरी हस्तक्षेपबारे केही बोल्न आफ्नो नैतिक दायित्व ठान्दैन।

कुनै पनि आन्दोलन ध्वंशात्मक अवस्थामा पुगेपछि प्रहरीले त्यसलाई रोक्न अश्रुगैस, पानीको फोहोरा तथा मानवीय क्षति नहुने गरि आन्दोलनलाई तितर बितर पार्ने प्रयास गर्नु पर्दछ। कुनै उपाय नलागेमा रबरको गोली ढाडभन्दा तल लाग्ने गरि प्रयोग गर्नु पर्दछ। मानवाधिकारको यस्तो व्यवस्था भएपनि आन्दोलनकारीलाई सोझै टाउको र छातीमा गोली ठोकेर यो सरकारले मधेशलाई पुनश्चः जगाउन खोजेको हो ? यो साह्रै निन्दनीय घटना भएकोले सरकारले यसको सम्पूर्ण जिम्मा लिएर घाइतेहरुको उपचारको तथा क्षतिपूर्तिको व्यवस्था गरियोस्।

janukjha24@gmail.com




कृषिलाई बेथितिमा राख्दा आवाज उठछ नै। पंचायत व्यवस्थाको बर्बर युगमा पनि कृषि समस्याको विषयमा आवाज उठाउने भीमदत्त पन्तलाई शहादत दिनु पऱ्यो। यसरी बेथिति विरुद्ध आवाज उठी रहन्छ। सरकार समक्ष सबैले आफ्नो कुरा शान्तिपूर्ण राख्न पाउने अधिकार छ। लोकतान्त्रिक सरकार त्यो कुरालाई सुनेर समाधान खोज्ने हो। नकि बर्बरतापूर्ण आक्रमण गर्ने हो। सरकारले निहत्था किसानमाथि गोली चलाएर बर्बर युगको याद दिलाएको हो।

# चीन हाम्रो छिमेकी राष्ट्र हो तर नियत सफा छैन

चीनले हाम्रो सगरमाथा कब्जा गरिसकेको छ। चीनले कब्जा मात्रै गरेको छैन, तिब्बततर्फ दर्जनौं नेपालका गाउँपालिकाका सीमामा पनि अतिक्रमण गरिसकेको छ। तर काठमाडौंमा बसेर के प्रचारित गरियो भने भारतले लिपुलेक, कालापानी, लिम्पियाधुरा कब्जा गऱ्यो। ती सबै अनर्गल प्रचार हो।



**रमन पाण्डेय**

**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल तथा हिन्दी भाषा अभियानी**

**० हालै विश्व हिन्दी दिवस मनाइएको छ, नेपालमा हिन्दी भाषाको औचित्य र सान्दर्भिकता के छ ?**

– हामी मधेशका सिपाही हौं। नेपालमा जति पनि शोषित, पीडित जनसमुदायहरु छन् ती सबैका हकअधिकारका लागि विगत ३२ वर्षदेखि संघर्ष गर्दै आएको छु। नेपाल सद्भावना पार्टीदेखि लोकतान्त्रिक समाजवादी पार्टीसम्मको जुन हाम्रो यात्रा छ, यसको एक मुख्य मुद्दा हिन्दी पनि हो। यदि हिन्दी नभएको भए हामीले मधेश-पहाड र नेपाल-भारतलाई जोड्न सकिदैनथ्यो। जुन समयमा नेपालमा खस भाषाको चर्चासमेत थिएन, त्यो बेलादेखि यहाँ हिन्दी भाषाको प्रयोग हुँदै आएको छ। करिब-करिब १९५४ इस्वीभन्दा पहिले नेपालमा पढाई-लिखाई, हरेक कामकाज लगायतका सबैमा हिन्दी भाषा नै प्रमुख थियो। सन् १९५४ पछि बिस्तारै-बिस्तारै यहाँका नश्लीय सोच भएका शासन गर्नेहरुले हिन्दी भाषालाई विस्थापित गरिदिए। तिनीहरुले हिन्दीलाई भारतको भाषासँग जोडेर हेरे। जगजाहेर छ कि भाषाको कुनै सीमा हुँदैन, कुनै बन्धनमा हुँदैन। जब नेपाल सद्भावना पार्टीको स्थापना भयो तब हिन्दी भाषालाई खस भाषाको समकक्ष राष्ट्रिय भाषाको दर्जा दिनुपर्छ भन्ने माग राख्यौं। अहिले नेपालमा एउटै भाषा हो कामकाजी भाषा, त्यो खस भाषा। जसलाई नेपाली भाषा भनेर प्रचारित गरिएको छ। हिन्दी देश, मधेश, पहाड र जनजनको भाषा हो। नेपालमा अन्य भाषाको चर्चा पनि थिएन तर हिन्दी थियो। नश्लीय शक्तिले मनोगत तरिकाले हिन्दी भाषालाई विस्थापित गरे, हाम्रा भेष, भूषा र संस्कृतिलाई विस्थापित गरे। यस देशमा त विभेद चरमोत्कर्षमा छ। यसको समाप्ति हुन्छ। सबै भाषाको आआफ्नो महत्व छ। हिन्दी भाषा अब यस्तो चरमोत्कर्ष छ कि नेपाल र भारतमा मात्रै होइन, विश्वका अनेकाअन्य देशहरुमा महत्वपूर्ण हो। हिन्दी अब विश्व भाषा बन्ने क्रममा छ। विश्व भाषाको रुपमा हिन्दी भाषा आफ्नो स्थान बनाउँदै गएको छ। त्यसैले प्रत्येक वर्ष १० जनवरीमा नेपाल, भारत, विभिन्न संघसंस्थाहरु, विश्वका कैयौं राष्ट्रमा विश्व हिन्दी दिवस मनाइन्छ। हाम्रो पूर्वज राष्ट्रको राजदूतावासले पनि काठमाडौंमा प्रत्येक विश्व हिन्दी दिवसको अवसरमा विभिन्न कार्यक्रमहरुको आयोजना गर्दै आएको छ।

**० भारत हाम्रो पूर्वज राष्ट्र कसरी हो ?**

– त्यो बेला कुनै राष्ट्रहरु थिएन। विभिन्न इतिहासहरु छन्। प्राचीन इतिहास, मध्यकालीन इतिहास, वर्तमान इतिहास। विश्व इतिहासको जब हामी विश्लेषण गर्छौं, भारतमा प्राचीन समयमा करिब-करिब जनपद थियो। ती कुराहरु इतिहास विद्हरुलाई थाहा होला। जसलाई हामी भारतवर्ष भन्छौं। ती जनपदमा ठुला-ठुला जनपदहरु थिए। मिथिला जनपद, विदेह जनपद, मगध जनपद, अवध जनपद। त्यसैले जनपदहरुकै यो एउटा हिस्सा थियो। हामीले यसरी सुनेका छौं कि भारतवर्ष, उत्तराखण्डे लगायत। त्यसपछि राष्ट्रको निर्माण भयो। मगोलियन ब्रिडबाहेकका सबै भारतबाटै आएका छन्। यहाँ प्रपञ्चहरु धेरै हुन्छन्। आफूलाई राष्ट्रवादी देखाउन भारतविरोधी गतिविधि गर्ने गर्छन्। हिटलरका एक मन्त्री थिए गोयबल्स, उसले भनेका थिए कि जुन झुठलाई बारम्बार बोलिन्छ, त्यो कुरा समाजलाई सत्य प्रतित हुन थाल्छ। यहाँका मुठ्ठिभर शासकले झुठ्ठा प्रचार गरे कि हामी यहींका हौं। त्यसो होइन, सारा आवादी भारतीय वंशका छन्। हामी भारत वंशज हौं। महाराजा पनि भारत वंशज हुन्। म ठोकुवाका साथ भन्छु। ठिक छ, नेपाल हाम्रो राष्ट्र हो, आफ्नो राष्ट्रसँग माया गर्नु हाम्रो कर्तव्य हो। हाम्रो मधेशी राष्ट्रियता छ, केही मानिसको पहाडी राष्ट्रियता छ। तर हामी सबै भारतबाटै आएका हौं र भारतीय वंशज नेपाली नागरिक हौं। त्यसैले मैले स्पष्ट गरेको छु कि हाम्रो पूर्वज राष्ट्र भारत हो।

**० तर नेपालमा हिन्दीप्रति घृणा फैलिरहेको वा हिन्दी बोल्नेलाई हेप्ने गरेको देखिन्छ नि ?**

– हाम्रो मातृ भाषा हो हिन्दी र केहीको सम्पर्क भाषा हो हिन्दी। हेर्नुस्, हिन्दी छ र मधेश छ। हिन्दी छ र नेपाल-भारत सम्बन्ध छ। यदि हिन्दी भएन भने मैथिली र भोजपुरीलाई कसरी जोड्ने ? जनकपुरका एक बासिन्दा वीरगञ्जका अर्को बासिन्दासँग भेट्यो भने सम्पर्क भाषा के हुन्छ ? जनकपुरवासी मैथिली, बज्जिका बोल्छन् भने वीरगञ्जवासी भोजपुरी बोल्छन् भने दुवैका सम्पर्क भाषा के हुने ? हाम्रा आदरणीय नेता स्व.गजेन्द्र नारायण सिंहले तत्कालीन समय सन् १९९० मा भन्नुभएको थियो खसभाषाको समकक्ष हिन्दी भाषालाई मान्यता दिनुपर्छ। कागजीरुपमा मात्रै हामीले मान्यताको माग गरेका थिएनौं, सरकारी कामकाजको भाषा बनाउनुपर्ने माग थियो। यदि त्यो लागू भएको भए म पनि कानून व्यवसायीको रुपमा अभ्यास गर्थे। हामी किन हिन्दीका लागि अभियान चलाइरहेका छौं भने मधेशका सबभन्दा विकट ठाउँमा जानुस्, जहाँका नागरिक खेतमा काम गर्छन्, उनी शहरी जीवनबाट धेरै टाढा छन्। त्यहाँ मुश्किलले एक दुई जना भेटिन्छन् जो हल्का फुल्का नेपाली भाषा बुझ्छन्। खसभाषा मधेशका नागरिकले बुझ्दैन र बोल्न पनि आउँदैन। तर हिन्दीको कुरा गर्दा पहाड, मधेश, अरब, पञ्जाब जताततै हिन्दी भाषा सबैले बुझ्छन्। मधेशमा जति पनि भाषाहरु छन्, ती सबैलाई जोड्ने काम हिन्दीले मात्र गर्छ। जब कुनै मधेशी र पहाडी भेट्दा उनीहरु बीचको सम्पर्क भाषा पनि हिन्दी नै हुन्छ। जब एक नेपाली भारतीयसँग भेट्दा उनीहरुको पनि सम्पर्क भाषा हिन्दी हुन्छ। त्यसैले हिन्दी त सर्वाधिक लोकप्रिय भाषा हो। केही सीमित पहाडी ब्राह्मण र क्षेत्रीका मातृ भाषा नेपाली हो। अरुको मातृ भाषा हामी बोल्न किन बाध्य हुने ?

३२ वर्षदेखि म खस भाषा बोलेको छैन, जसलाई जे गर्नु छ गरोस्। संघर्ष गर्ने मान्छे आफ्नो भेष, भाषा, संस्कृति, अधिकारका लागि संघर्ष गर्दै रहन्छ। एकातर्फ भन्छ कि समावेशी नेपाल बनाउनुछ, बहुभाषा, बहुसंस्कृति भनेर कागजमा लेखेर राखिएको छ तर व्यवहारमा त्यो छैन। त्यसैले यदि हिन्दीलाई मान्यता दिइयो भने राष्ट्रियता मजबुत हुन्छ। राष्ट्रियतालाई बलियो बनाउनका लागि पनि हिन्दीको महत्वलाई बुझ्नुपर्ने आवश्यकता छ। आज मधेशमाथि यहाँका शासकहरु किन सफल भइरहेका छन्, यसको एउटा मात्रै आधार हो भाषा। भाषाको आधारमा मधेशलाई सानो-सानो टुक्रामा विभाजित गर्नु। तर हाम्रो एक मात्र सूत्र हो कि भाषाको आधारमा जुडौं। त्यसैका लागि त द्वन्द्व छ। यहाँका जुन नश्लीय पहाडी नेता छन्, उ वीरगञ्ज गए भने भोजपुरीमा बोल्ने, जनकपुर गए भने मैथिली बोल्ने, कपिलवस्तु गए भने अवधिमा बोल्ने र सम्पर्क भाषाको रुपमा खस भाषालाई लादन खोज्ने। जुन हामी हिन्दी भाषालाई अपनाउँछौं त्यो दिन समग्र मधेशमा रहेका विभिन्न भाषाभाषीहरु एक सूत्रमा बाँधिन्छौं। जो खसवादी नेता मैथिली, भोजपुरी, अवधि, थारु भाषामा बोल्छन्, हामी बुझ्नुपर्छ कि उनीहरु मधेशीलाई विभाजित गर्न षड्यन्त्र गर्दैछन्। जो मधेशी नेता हिन्दीमा भाषण गर्छन्, उसले वास्तविकरुपमा मधेशलाई जोड्न चाहन्छ। यदि हामी हिन्दी भाषालाई आत्मादेखि नै अपनाउँछौं भने अधिकारका लागि जुन हामी संघर्ष गर्दै आएका छौं, त्यो पनि पूरा हुन्छ। हाम्रो एउटा योजना रहेको छ, अब हामी एकीकृत आन्दोलनको तयारीमा छौं। त्यो एकीकृत आन्दोलन, यस्तो आन्दोलन हुन्छ कि जसमा विभिन्न कलस्टरहरु बनाएर जुन विभाजित गरिएको छ ती सबै एक ठाउँमा आउँछन्। यसमा पहाडी जनजाति पनि आउँछन्। गजेन्द्रबाबुले पहाडी जनजातिलाई ३० प्रतिशत र मधेशीलाई ५० प्रतिशत आरक्षणको कुरा गर्नुभएको थियो। ती सबैलाई जोडेर एउटा विस्फोटक आन्दोलनको तयारीमा हामी लागिसकेका छौं। जसबाट नश्लीय शक्ति र काठमाडौंको सिंहदरबारलाई हलाइदिन्छौं। त्यो तयारीको सूत्र पनि हिन्दी भाषा नै हो।

**० हाम्रो छिमेकी भारत र चीन दुवै छन्, चीनप्रति के छ धारणा ?**

– चीन हाम्रो छिमेकी मित्र राष्ट्र हो तर भारत हाम्रो रिस्तेदार र पूर्वज राष्ट्र हो। त्यसैले भारत र चीनमा यो फरक छ। नेपालको तीन भागमा भारत छ र एक भागमा चीन छ। चीनको एक भागमा पनि पहाडैपहाडले घेरिएको छ। चीनले हाम्रो सगरमाथा कब्जा गरिसकेको छ। चीनले कब्जा मात्रै गरेको छैन, तिब्बततर्फ दर्जनौं नेपालका गाउँपालिकाका सीमामा पनि अतिक्रमण गरिसकेको छ। तर काठमाडौंमा बसेर के प्रचारित गरियो भने भारतले लिपुलेक, कालापानी, लिम्पियाधुरा कब्जा गऱ्यो। ती सबै अनर्गल प्रचार हो। भारतले त नेपालमा अर्बौं खर्बौंको लगानी प्रत्येक वर्ष गर्दै आएको छ। भारतविरोधी खोक्रो राष्ट्रियताको अनुसार यहाँ विभिन्न भ्रमहरु प्रचारित गरिँदैछ। नेपालमा चीनको एउटा पनि प्रशंसनीय योग्य कामै देखिँदैन। चीनले जासुसी गर्नका लागि मधेशमा पनि प्रवेश गर्दैछ। जासुसीबाहेक यो देशमा चीनको कुनै काम छैन। नेपाललाई डिस्टर्ब गर्न मात्रै चीन नेपालमा आफ्नो प्रभुत्व जमाउन खोज्दैछ। नेपाललाई डिस्टर्ब गरेर भारतमाथि षड्यन्त्र गर्ने रणनीति मात्रै चीनको हो। कम्युनिष्टहरु यो देशमा ठुलाठुला कुरा गर्छन्, तिनीहरुको माध्यमबाट गरिबलाई झन् गरिब बनाउ, मध्यमवर्गीयलाई पनि गरिब बनाउ, गरिबहरुको पार्टी कम्युनिष्ट पार्टी, त्यहीं खोक्रो नाराबाट कम्युनिष्टलाई विस्तार गर भन्ने योजना चीनको छ। नेपालमा अपार जल भण्डार भएको देश हो तर विकास गर्न सकिरहेको छैन। यसमा चीनको षड्यन्त्र छ। यसमा त भारत र चीनबीच तुलना गर्नु नै बेकार हो। चीन एउटा षड्यन्त्रकारी राष्ट्र हो।

**० भनेपछि मधेशमा पनि चीन आफ्नो प्रभुत्व जमाउन खोज्दैछ ?**

– काठमाडौंमा चिनियाँ भाषाको पढाइ हुन्छ भन्ने सुनिरहेको छु। विश्वबाट कम्युनिष्ट समाप्त हुँदैछ तर नेपालमा विस्तार गर्न खोजिँदैछ। विश्वमा कहीं पनि सभ्य समाजमा कम्युनिष्ट देखिँदैन। कम्युनिष्ट सभ्य समाजको विषय नै होइन। त्यो आफैमा आतंकवाद हो। नेपालमा त्यो चल्दैन। नेपालका मानिसहरु इमान्दार र सिधासाधा छन्, भारतसँग अपनत्वको सम्बन्ध राख्दछ। यसमा खेल्न चीनले प्रयास गरिरहन्छ तर सफल हुँदैन। भारतसँग हाम्रो विशिष्ट सम्बन्ध छ र रहन्छ।

**० चीन मधेशमा कसरी पस्दैछ त ?**

– यो कुरा त यहाँका गुप्तचर एजेन्सीहरु बताउँछन्। तर सतही मानिसहरुसँग जब कुरा हुन्छ अनि थाहा हुन्छ कि विभिन्न किसिमका प्रयासहरु चीन गर्न थालेको छ। हामीले सुनिरहेका हुन्छौं विभिन्न एनजीओ, आइएनजीओहरु चिनियाँ फण्डिङ्गबाट चलिरहेको छ। त्यो माध्यमबाट मधेशको जासुसी गराइरहेको छ। किनकि मधेश र भारतको सम्बन्ध त जनस्तरको सम्बन्ध हो। नेपाल र भारतको बीचमा जनस्तरको सम्बन्ध छ। जनस्तरको सम्बन्धलाई आफ्नो जासुसलाई पठाएर विभिन्न गतिविधिहरु सञ्चालन गराउनु बाहेक अन्य कुनै काम चीनले गरेको छैन। भारतसँग हाम्रो जुन विशेष सम्बन्ध छ त्यो कुरा चीनलाई पचिरहेको छैन। यद्यपि हामीले चीनलाई सदैव राम्रो मित्रको रुपमा हेरिरहेका छौं। समय-समयमा सहयोग पनि गर्छ तर नियत राम्रो हुनुपर्छ। चीनको नियत राम्रो देखिँदैन। राम्रो नियतका साथ सहयोग गर्नुपर्छ। दुनियाँमा जहाँ पनि चीनले आफ्नो लगानी गरेको छ, त्यो देशलाई दरिद्र बनाउने बाहेक अरु केही गरेको छैन। यसको ज्वलन्त उदाहरण हामीले श्रीलंकालाई लिन सक्छौं। श्रीलंकालाई ऋणमा डुबाइदिएको छ। पाकिस्तानको त चर्चा नै नगरौं। पाकिस्तानका जनतालाई बर्वाद गरिसकेको छ। श्रीलंकाको बन्दरगाह नै किनिसकेको छ। त्यसैले चीनको प्रवेशको अर्थ नै हुन्छ कि ऋणमा डुबाएर बर्वाद गर्ने। यस्तो सोच नेपालमा गर्ने रहेको छ। तर यहाँका नागरिक सतर्क र सजग छन्।

**० मधेशमा चीन आफ्नो पकड बनाउन सफल हुन्छ ?**

– मधेशमा चिनियाँ प्रभाव बढाउन सम्भव नै छैन। मधेशमा चीनको भाषा, भेष, संस्कृति, संस्कार केही पनि मिल्दैन र मधेशका नागरिक बिकाउ पनि छैन। मधेशका नागरिक त स्वघोषित सेना छन्। सीमाको रक्षा मधेशका नागरिकले गरिरहेका छन्। त्यसैले मधेशमा कुनै गलत तत्वको प्रवेश हुँदैन। मधेशका नागरिक सिधासाधा र इमान्दार हुन्छन्, अध्यात्मिक हुन्छन्। मधेशमा गलत तत्वहरुको प्रवेश नै हुँदैन।

**० तर जासुसी गर्न सुरु गरेको तपाईंले भन्नुभयो ?**

– एनजीओ, आइएनजीओहरुको माध्यमबाट खुड्डा टेक्न खोजिरहेको छ चीनले। चिनियाँ एजेन्टहरु मधेशमा घुमिरहेका हुन्छन्। मिडियामा आएको मैले एउटा रिपोर्ट पढेको थिएँ कि कमला नदीलाई चिनियाँले खरिद गरिसकेको छ। चीन सिधै प्रवेश गर्दैन, कुनै ठुला व्यापारीलाई पठाउँछ। मिडियाहरुमा आएको रिपोर्टअनुसार चीनले कसरी कमला नदीमा के-के गर्दैछ। कमला नदीको सन्दर्भमा जनकपुरको कुनै होटलमा सन्धि सम्झौता भएको छ। मैले रिपोर्टको आधारमा भनेको हुँ।

**० अब अन्त्यमा, भारत आफ्नो ७३औं गणतन्त्र दिवस मनाउँदैछ। के भन्न चाहन्छ ?**

– महा लोकतान्त्रिक राष्ट्र भारतका नागरिकलाई हार्दिक बधाई र शुभकामना दिन चाहन्छु। भारतमा लोकतन्त्र, गणतन्त्र, जनतन्त्र छ। नरेन्द्र मोदीजस्ता प्रधानमन्त्री भारतका नागरिकको प्रधानसेवक हुन्। हाम्रो यहाँ कुनै लोकतन्त्र, गणतन्त्र वा जनतन्त्र छैन। अहिले पनि नेपालमा सही अर्थमा लोकतन्त्र, गणतन्त्र छैन। विकृत संघीय संरचना निर्माण गरिएको छ। यो संविधानप्रति हाम्रो कुनै अपनत्व छैन। ८० प्रतिशत मधेशबाट कर उठ्छ तर १२ प्रतिशत बजेट विनियोजन हुन्छ। त्यसैले हाम्रो रिस्तेदार राष्ट्र भारतका नागरिकलाई बधाई दिन चाहन्छु, त्यहाँका नागरिक भाग्यमानी छन्, मोदीजस्ता प्रधानसेवक प्रधानमन्त्री छन्। तर नेपालमा केही खास जाति वर्गका लागि लोकतन्त्र,

# नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपाल बीच भएको सम्झौता

***२०६४ जेष्ठ १८ बाट सुरू भई विभिन्न चरणमा भएको छलफल र सहमतिको आधारमा २०६४/०५/१३ मा सम्पन्न सम्झौता***

ऐतिहासिक जनआन्दोलन २०६२/०६३ कै निरन्तरताका रूपमा भएको मधेशी जनताको आन्दोलनको भावनालाई हृदयंगम गर्दै मुलुकमा लामो समयदेखी मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अल्पसंख्यक, मुस्लिम समुदाय समेतका विरूद्ध केन्द्रिकृत र एकात्मक राज्यद्वारा गरिदै आएको विभेदका सबै रूपहरूलाई अन्त्य गर्नका निम्ति र समावेशी लोकतन्त्र तथा संघीय ढाूचामा राज्यलाई पुन:संरचना गर्दै मधेशी लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मूल प्रवाहमा समाहित भएर अघि बढ्ने वातावरण बनाउनका निम्ति नेपाल सरकार र मधेशी जनअधिकार फोरम, नेपालका बीच आज निम्न बमोजिम सम्झौता भएको छ ।

१. मधेश आन्दोलनको क्रममा शहिद भएकाहरूलाई सम्मान गर्दै निजका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउने सरकारी निर्णयलाई तत्काल कार्यान्वयन गर्ने ।

२. मधेश आन्दोलनको क्रममा घाइते, अन्धा, अपाङ्ग भएकाहरूलाई राहत उपलब्ध गराउने र अझै उपचार हुन बाँकी रहेका घाइतेहरूलाई तत्काल औषधोपचारको व्यवस्था मिलाउने ।

३. मधेश आन्दोलनको सिलसिलामा फोरमका नेता तथा कार्यकर्ताहरूमाथि लगाइएका मुद्दाहरू खारेज गर्ने ।

४. देशमा युगौंदेखि बहीस्करणमा पारिएका मधेशी, आदिवासी/जनजाति, दलित, महिला, पिछडावर्ग, अपाङ्ग, अल्पसंख्यक समुदाय, मुसलमान आदि समुदायहरूको राज्यका सम्पूर्ण संरचनाहरूको सबै अंग र तहका साथै शक्ति, साधन र स्रोतमा सन्तुलित समानुपातिक प्रतिनिधित्व र साझेदारी गर्ने ।

५. राज्यको पुन:संरचना सम्बन्धी आयोग तत्काल गठन गर्ने र सो आयोगमा समावेशीय रूपमा विशेषज्ञहरू रहने समेत व्यवस्था गर्ने ।

६. राज्यको पुन:संरचना गर्दा नेपालको सार्वभोमसत्ता, राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्ततायुक्त प्रदेशहरू सहितको संघीय शासन प्रणालीको व्यवस्था गरिने छ । उक्त स्वायत्तताको अधिकार, प्रकृति र सीमा संविधान सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

७. मधेशीहरूको भेषभुषा, भाषा, संस्कृतिलाई राष्ट्रिय मान्यता दिने ।

८. नेपाल सरकारद्वारा गरिने सबै राजनीतिक नियुक्ति, वैदेशिक सेवा र शिक्षा लगायतका सेवाहरूका साथै आयोगहरूमा समुचित समानुपातिक प्रतिनिधित्व गर्ने ।

९. मुस्लिमहरूको मुख्य चाड पर्वहरूमा सार्वजनिक बिदा दिने, मदरसा बोर्ड लगायत निजहरूको जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति र रीतिरिवाज सुरक्षित गर्न कानुन तर्जुमा गर्ने ।

१०. जाति, भाषा, लिङ्ग, धर्म, संस्कृति, राष्ट्रिय तथा सामाजिक उत्पत्ति, राजनीतिक तथा अन्य विचार आदिको आधारमा गरिने सबै खाले विभेद अन्त्य गरी मानव अधिकारको पूर्ण प्रत्याभूति गर्ने ।

११. सरकारी काम काज, शिक्षा तथा अन्तर्राष्ट्रिय सम्पर्क गर्दा (क) मातृभाषा (ख) नेपाली भाषा र (ग) अंग्रेजी भाषाको त्रिभाक्षीय नीति कायम गर्ने ।

१२. दलित समस्या समाधान गर्न : (क) जातीय विभेद र छुवाछुत गर्नेलाई कडा कानुनी दण्डको व्यवस्था गर्ने । (ख) दलितलाई नि:शुल्क र कम्तिमा अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । (ग) शिक्षा र रोजगारीमा विशेष अवसर र आरक्षणको व्यवस्था गर्ने । (घ) भूमिहीन दलितलाई आवासको लागि भूमिको व्यवस्था गरी वैकल्पिक जीविकोपार्जनको व्यवस्था गर्ने ।

१३. नागरिकताबाट अझै वञ्चित रहेका नागरिकहरूलाई नागरिकता प्रमाण पत्र सरल र सुलभ तरिकाबाट वितरण गर्न नागरिकता टोली पुन: गाउँ गाउँमा पठाई नागरिकता समस्या समाधान गर्ने ।

१४. मधेश तथा विकट क्षेत्रलाई राज्यबाट प्राप्त राजस्व र आम्दानीको बाँडफाँडमा सन्तुलित एवं न्यायोचित वितरण नीति अपनाउने ।

१५. नेकपा (माओवादी) द्वारा कब्जा गरिएका घर, जग्गा र सम्पत्ति फिर्ता गर्ने गराउने क्रम जारी रहेको र उनीहरूद्वारा कब्जा गरिएका हातहतियार समेत हकवालालाई फिर्ता गराउने कार्यलाई तदारूकताका साथ अगाडि बढाउने ।

१६. औद्योगिक उत्पादन वृद्धिका साथै देशलाई औद्योगीकरण गर्न र औद्योगिक सुरक्षाको प्रत्याभूति गर्न औद्योगिक सुरक्षाबल गठन गर्ने ।

१७. संविधानसभाको निर्वाचन निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न दुवै पक्ष प्रतिबद्ध रहने । संविधानसभाको निष्पक्षताका लागि वर्तमान व्यवस्थापिका संसद लगायतले राज्यको साधन, स्रोत र शक्तिको दुरूपयोग गर्न नपाउने गरी रोक्न लगाउन आवश्यक व्यवस्था गर्ने ।

१८. सरकारी संचार माध्यमहरू टीभी, रेडियो, छापा लगायत सबै अंग र तहमा मधेशी संचारविद् एवं पत्रकारहरूको संचार मन्त्रालयबाट नियुक्ति र सरकारी संचार आयोग, निकायहरू तथा प्रतिनिधिमण्डलमा मधेशीहरूको समानुपातिक समावेशी सहभागिता गराउँदै जाने ।

१९. मधेशी युवा फोरमको उपत्यका अध्यक्ष जीतेन्द्र साहलाई अपहरणकारीहरूले अपहरण गरी बेपत्ता बनाइएकोमा निजको खोजतलास र विशेष अनुसन्धान गर्न खोजी दल बनाई यथाशीघ्र स्थिति सार्वजनिक गर्ने ।

२०. मधेशी, आदिवासी/जनजाति, दलित, महिला आदिलाई राज्यको हरेक अंग र तहमा समावेशीकरण गर्न आवश्यक नीति निर्धारण र कानुनको तर्जुमा गर्न उच्चस्तरीय समावेशीकरण कार्यदलको गठन तुरून्त गर्ने ।

२१. अल्पसंख्यकहरूको अधिकार सम्बन्धमा राष्ट्रसंघीय तथा अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप जातीय, भाषिक र धार्मिक अल्पसंख्यकहरूको अधिकारको संवैधानिक प्रत्याभूति गर्ने ।

२२. मधेशी जनअधिकार फोरमद्वारा संचालन गरिदै आएको विभिन्न आन्दोलनलाई फिर्ता लिने ।

उपर्युक्त सहमतिलाई नेपाल सरकारले तत्काल गर्न सकिने कार्यहरूलाई तत्काल गर्ने र तत्काल गर्न नसकिने प्रावधानलाई उपर्युक्त समयभित्र गरी सक्ने । कार्यान्वयनका लागि आवश्यक कार्यका साथै रेखदेख गर्न र समय समयमा कार्यान्वयनको समीक्षा गर्न संयुक्त अनुगमन संयन्त्रको निर्माण गर्ने ।

उपेन्द्र यादव
संयोजक
मधेशी जनअधिकार फोरम, नेपाल

रामचन्द्र पौडेल
संयोजक
सरकारी वार्ता टोली

नोट : मधेशी जनअधिकार फोरम, नेपालले गणतन्त्रको स्थापना, समानुपातिक निर्वाचन प्रणालीजस्ता महत्वपूर्ण विषयहरूलाई आफ्ना मागका रूपमा यथावत् राखी संविधानसभाको निर्वाचनलाई उच्च प्राथमिकता दिई सहभागी भई यसलाई सफल बनाउन प्रयत्नशील रही रहनेछ ।

मिति : २०६४/०५/१३

# संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा

**प्रस्तावना** :

मधेशीहरूलाई समानता, स्वतन्त्रता, आधारभूत मानवअधिकार, सामाजिक न्याय, जनताको आत्मनिर्णयको अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र स्वायत्त प्रदेशका साथै राज्यको हरेक निकाय, तह र अंग तथा राजकीय शक्ति, साधन र स्रोतमा समेत जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व, साझेदारी एवं सहभागिता दिलाउन र सार्थक संविधानसभाको निर्वाचन हुनु आजको मूलभूत आवश्यकता हो । मधेशी जनताको आधारभूत अधिकार आकांक्षा एवं चाहनालाई मूर्तरूप दिनका लागि निम्न राजनीतिक दलहरू एकतावद्ध भै सबै प्रकारका विभेदहरूको अन्त्य गर्न र मधेशी जनताको राष्ट्रिय पहिचान एवं आत्मसम्मान सहित हाम्रा साझा लक्ष्यहरूको प्राप्तिका लागि संयुक्त अहिंसात्मक एवं शान्तिपूर्ण रूपमा जारी मधेशी आन्दोलनलाई सार्थक परिणाम एवं निष्कर्षमा पुऱ्याउन "संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा" को गठन गरिएको छ । मोर्चा निम्नानुसारका न्यूनतम साझा मागहरूको प्राप्तिका लागि संघर्षरत रहनेछ ।

**मोर्चाका तत्कालीन माग र कार्यक्रमहरू यस प्रकार रहेका छन् ।**

१. ऐतिहासिक मधेशी जन विद्रोहको क्रममा सहादत प्राप्त गर्नु भएका ४५ जना वीर मधेशी सपुतहरूलाई स-सम्मान शहीद घोषणा गरियोस् । आन्दोलनको दौरान घाइते र अपांग भएकाहरूको सम्पूर्ण उपचारको व्यवस्था, उपचारमा गरिएको सबै खर्च र उचित क्षतिपूर्ति एवं जीवन निर्वाहको व्यवस्था गरियोस् ।

२. जनताको आत्मनिर्णयको अधिकार र स्वायत्त प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अन्तर्गत स्वायत्त तराई अर्थात् मधेश प्रदेशको स्थापना गरिनु पर्दछ । सो को प्रत्याभूति वर्तमान अन्तरिम संविधानमा गरिनु पर्दछ ।

३. संविधानसभाको प्रयोजनको लागि हुने समानुपातिक निर्वाचनको निम्ति वर्तमान संविधानसभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशत भन्ने वाक्यांश ५० प्रतिशत हुने गरी संशोधन गरिनुपर्दछ ।

४. राज्यको प्रत्येक निकाय, अंग र तहमा मधेशी सहित आदिवासी/जनजाति, दलित, अल्पसंख्यक समुदाय र महिलाहरूको समानुपातिक प्रतिनिधित्व अविलम्ब गराइनु पर्दछ ।

५. देशको सैनिक संरचनामा मधेशी समुदायलाई सहभागिताबाट वन्चित गराइएकोले सेनाको बनौट एंकागी छ । तसर्थ जनसंख्याको अनुपातमा तत्कालै मधेशीहरूको पहिचान सहित सेनामा समूहगत प्रवेश गराइनु पर्दछ ।

६. राजनीतिक उद्देश्य प्राप्तिका लागि संघर्षरत मधेशी सशस्त्र सगठनहरूलाई मूलधारमा ल्याउन अविलम्ब राज्यको पहलमा सार्थक निकास खोजिनु पर्दछ ।

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी
मिति २०६४/१०/२५ गते

# नेपाल सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच सम्पन्न सम्झौता

नेपालमा मधेशी जनताले आफ्नो समान अधिकारका लागि समय समयमा गर्दै आएको संघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकांक्षालाई सम्मान गर्दै मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दै नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच तत्काल लागु हुने गरी यो सम्झौता गरिएको छ । सम्झौताका विषयहरू देहाय बमोजिम छन् ।

१. मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषण गर्ने र हालसम्म राहत नपाएका अङ्गभङ्ग भएकाहरूलाई उचित राहत राज्यले उपलब्ध गराउने छ । यसै क्रममा आन्दोलनमा घाइते भएकाहरूको उपचार खर्चको व्यवस्था र शहादत प्राप्त गरेकाहरूलाई शहीद घोषणा गरी आश्रित परिवारलाई रू. १० लाखका दरले राहत उपलब्ध गराउने तथा गिरफ्तार व्यक्तिहरूलाई तत्काल रिहा गरिनेछ ।

२. मधेशी जनताको स्वायत्त मधेश प्रदेशको चाहना लगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेश सहितको संघीय संरचनाको आकांक्षालाई स्वीकार गरी नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ । संघीय संरचनामा केन्द्र र प्रदेशका बीच स्पष्ट रूपमा शक्तिको बाँडफाँड सूचीको आधारमा गरिनेछ । प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुनेछन् । नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँड संविधानसभाबाट निर्धारण गरिनेछ ।

३. संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा १४ मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गरिनेछ ।

४. सरकारले सुरक्षा अङ्ग लगायत राज्यका सबै निकायहरूमा मधेशी, आदिवासी-जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायको समावेशी समानुपातिक सहभागिता हुने गरी सरकारले नियुक्ति, बढुवा र मनोनयन अनिवार्य रूपले गर्नेछ ।

५. नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेशी लगायत अन्य समुदायको समानुपातिक समावेशी र समूहगत प्रवेशलाई सुनिश्चित गरिनेछ ।

६. नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तराईमा संघर्षरत सबै सशस्त्र समूहहरूलाई शान्तिपूर्ण राजनीतिक प्रक्रियाका लागि वार्तामा आउन आग्रह गर्दै वार्ताबाट सबै समस्या समाधान गर्न आग्रह गर्दछ । यसको लागि नेपाल सरकारले तत्कालै अनुकुल वातावरण बनाउन आवश्यक कदम चाल्नेछ । आगामी चैत २८ गतेको संविधानसभा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त वातावरणमा सम्पन्न गर्न सबैलाई अपील गर्दछौं ।

७. सरकार र मधेशी जन अधिकार फोरम बीच २०६४ भाद्र १३ गते भएको २२ बुँदे सम्झौता अनुरूप बन्दी राखिएकाहरूको यथाशिघ्र रिहाई, फोरम लगायत अन्य मधेशी नेता तथा कार्यकर्ताहरू माथि लगाइएको मुद्दाहरू अविलम्ब फिर्ता गर्ने तथा सम्झौताका बाँकी बुँदाहरू नेपाल सरकारले अविलम्ब कार्यान्वयन गर्नेछ ।

८. संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा जारी रहेका आन्दोलनका सबै कार्यक्रमहरू तत्काल फिर्ता लिइएको छ ।

यस सम्झौतामा उल्लेख गरिएका विषयहरूको संवैधानिक, कानूनी, राजनैतिक एवं प्रशासनिक आदि जिम्मेवारी नेपाल सरकारको रहने छ ।

सम्झौताको कार्यान्वयन अनुगमन गर्नका लागि सरकारले मोर्चासमेत सम्मिलित एक उच्च स्तरीय अनुगमन समिति गठन गरिनेछ ।

**सम्झौतामा हस्ताक्षर गर्नेहरू**

राजेन्द्र महतो
राष्ट्रिय अध्यक्ष
सद्भावना पार्टी

उपेन्द्र यादव
केन्द्रीय संयोजक
मधेशी जन अधिकार फोरम, नेपाल

महन्थ ठाकुर
अध्यक्ष
तराई मधेश लोकतान्त्रिक पार्टी

गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री
नेपाल सरकार
२०६४ फागुन १६ गते

# शान्ति, संविधान र संयुक्त सरकार सञ्चालनका लागि एकीकृत नेकपा माओवादी र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको सहमति

संविधानसभा व्यवस्थापिका संसद्मा नयाँ प्रधानमन्त्री चयनका लागि २०६८ भदौ ११ गते हुने निर्वाचनमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा सम्बद्ध दलहरूले एकीकृत माओवादीका तर्फबाट उम्मेदवार रहनुभएका माननीय डा. बाबुराम भट्टराईका पक्षमा मतदान गर्ने निर्णय गरेकोमा माओवादी पार्टीले यसलाई हार्दिकताका साथ स्वागत गरेको छ ।

मुलुकको विद्यमान मुख्य विषय नै शान्ति प्रक्रियालाई विस्तृत शान्तिसम्झौताको मर्मअनुसार सार्थक निष्कर्षमा पुऱ्याउनु र राष्ट्रिय सहमतिका आधारमा राज्यको रूपान्तरणसहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान, संविधानसभाबाटै निर्माण गर्नु रहेकोमा हामी दुवै पक्षबीच सहमति कायम भएको छ :

१. माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे : नयाँ सरकारको सेनाको लडाकुहरूको समायोजन र पुनर्स्थापनाबारे नयाँ सरकारको प्रथम कार्यभार शान्तिप्रक्रिया पूरा गर्नु र नयाँ संविधान निर्माण गर्नु हो । यस सन्दर्भमा गत भदौ ८ मा एकीकृत माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा सकारात्मक रूपमा परिमार्जन गरिनेछ । यसबारे हाल राजनीतिक सहमति हुन नसकेको मुख्य विषय: (१) निश्चित एकाइमा समायोजन गर्ने भनिएको (२) कुन तहसम्मका लडाकु कमान्डरहरूको समायोजन हुने (३) समायोजित हुने यस्ता सम्भाव्य कमान्डरहरूको समायोजित हुने निकायमा तह निर्धारण (४) समायोजित हुने लडाकु संख्यालाई सात हजारसम्म निर्धारण गर्न प्रयत्न गर्ने (५) समायोजित सेनाको जिम्मेवारी जिम्मेवारी निर्धारण (६) पुनर्स्थापनाका प्याकेज र (७) वर्गीकरणपछि लडाकु, हतियार, कन्टेनरको हस्तान्तरणजस्ता विषयलाई थप स्पष्ट गरी आवश्यक परिमार्जन गरिनेछ । माओवादी सेनाका लडाकुहरूको समायोजनसम्बन्धि सबै निर्णय संविधानमा व्यवस्था भएको विशेष समितिबाट नै गरिनेछ ।

२. शान्तिप्रक्रियाका बाँकी कामहरूबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा (माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभार सम्पादन गर्ने सन्दर्भमा कुनै पनि रूपमा कसैलाई पनि उसको कानुनअनुसार स्वामित्वको सम्पत्तिबाट बेदखल गरिनेछैन । माओवादी युद्धकाल, जनआन्दोलन, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन र अन्य समुदायद्वारा न्यायोचित मागका लागि भएका आन्दोलनहरूका दौरानमा राज्यद्वारा पीडित भएकाहरूलाई विशेष राहतको व्यवस्था गर्ने । माओवादी युद्धकाल, मधेश आन्दोलन, जनजाति आन्दोलन, थरूहट आन्दोलन, दलित आन्दोलन, पिछडा वर्ग आन्दोलन र अन्य समुदायका न्यायोचित मागका लागि भएका आन्दोलनका दौरान लगाइएका मुद्दाहरूसमेत खारेज गर्ने र माफी दिने प्रक्रिया थालिनेछ ।

३. संविधानबारे : यस सन्दर्भमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा(माओवादी) का तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धतामा उल्लिखित कार्यभारहरू सम्पादन गर्ने र नयाँ संविधानमा लोकतन्त्रको विश्वव्यापी मान्यताअनुरूप आधारभूत मानवअधिकार, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता, संवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेसस्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, स्वायत्त प्रदेश र आत्मनिर्णयको अधिकारसहितको संघीय शासनप्रणाली नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली, आवधिक निर्वाचन, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा मुलुकको एकात्मवादी राज्यव्यवस्थामा अग्रगामी परिवर्तनजस्ता विषयहरूलाई संविधानको आधारभूत संरचनाका रूपमा राखिनेछ । संविधानसभा राज्यको पुनसंरचना समितिद्वारा प्रतिवेदन प्रस्तुत भै संविधानसभाको क्षेत्राधिकारभित्र प्रवेश भैसकेको विषय अब अन्तरिम संविधानमा व्यवस्था रहेको राज्य पुनसंरचना आयोग गठनको औचित्य छैन तर राजनीतिक पक्षहरूको समितिका निकासका अन्य मार्गहरू खोज्ने कुरामा हाम्रो सहमति छ ।

४. साझा सहमतिका अन्य महत्वपूर्ण विषयहरू :

४.१ सार्वजनिक सेवालाई समावेशीकरण गर्न यसअघिको विधेयकलाई मधेशी, जनजाति, थारू, मुसलमान, दलित, महिला र अन्य हकदार समुदायहरूको मागलाई ध्यानमा राखी परिमार्जन गरिनेछ । यसरी परिमार्जन विधेयकलाई सरकार गठन भएको १५ दिनभित्र पारित गर्नका लागि व्यवस्थापिका संसद्मा प्रस्तुत गरिनेछ ।

४.२ नेपालको अन्तरिम संविधान २०६३ को भाग २० मा उल्लिखित व्यवस्था र नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीच भएको आठ सूत्रीय सम्झौताअनुसार नेपाली सेनाको लोकतान्त्रिक संरचना र राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्ने विषयमा प्रतिबद्ध छौं । यसका लागि नेपाली सेनामा अलग एकाइका रूपमा मधेशी समुदायको पहिचान स्थापित गर्दै १० हजारको संख्याबाट भर्ना माग गरिएको सन्दर्भमा हाल निश्चित संख्याको भर्नाबाट समावेशीकरणको तत्काल प्रक्रिया थालिनेछ ।

४.३ लामो समयदेखि रिक्त रहेका विभिन्न संवैधानिक र कुटनीतिक अन्य महत्वपूर्ण पदहरू तत्काल पूर्ति गरिनेछ । यससम्बन्धमा नेपाल सरकारले सरकार गठनको १५ दिनभित्र विधिवत् प्रस्ताव सम्बन्धित निकायमा निर्णयका लागि पेस गर्नेछ ।

४.४ चालु आवको वार्षिक बजेट परिमार्जन गरिनेछ । यस सन्दर्भमा बजेट सुधारका लागि तत्कालीन सरकारले व्यक्त गरेको वचनबद्धता र संसद्मा उठेका मधेशी दलहरूका मागहरूलाई ध्यान दिइनेछ ।

४.५ नेपालका दुवै छिमेकी मित्रराष्ट्रहरूसँगको सम्बन्धमा सुधारमा उच्च प्राथमिकता दिइनेछ । नेपाल र सम्बन्धित मित्रराष्ट्रहरूसँगको दुईपक्षीय सम्मान र हितलाई ध्यानमा राखेर सहमति हुन प्रस्तावित विषयलाई समाधान गरिनेछ ।

४.६ तराई मधेशको सुरक्षा अवस्था सुधारका लागि जनउत्तरदायी सुरक्षा कार्यक्रम ल्याइनेछ । हातहतियारसम्बन्धि ऐन परिमार्जन गरी अर्धन्यायिक निकायबाट हुने कानुनको दुरूपयोग रोकिनेछ ।

४.७ राष्ट्रिय पोसाकका सम्बन्धमा हाल उत्पन्न विवाद समाप्त गर्न मधेशी, आदिवासी जनजाति, थारू, मुसलमान लगायतका समुदायहरूको भावनाविपरीत यसअघिका सरकारबाट भएको त्रुटिपूर्ण निर्णय रद्द गरिनेछ ।

४.८ नेपाली जनता अहिले जनजिविकाका समस्याबाट आक्रान्त छन् । यसबाट जनतालाई राहत दिन नयाँ गठन हुने सरकार, तत्काल नै प्रभावकारी, जनकल्याणकारी विशेष जनता राहत कार्यक्रम ल्याउने विषयमा प्रतिबद्ध छ ।

अन्त्यमा मिति २०६८ भदौ ८ गते एकीकृत नेकपा माओवादीका तर्फबाट जारी प्रस्ताव एवं प्रतिबद्धताअनुसार अन्य विषयको कार्यान्वयन उदाहरणिय रूपमा तथा आमअपेक्षाअनुसार गरिनेछ । माओवादी र मोर्चाको सम्बद्ध दलहरूको नयाँ गठन हुने सरकारले स्विकारेका प्रतिबद्धता, स्विकारिएकै समयवधिमा सम्पन्न गरेर उक्त सरकारमा नै अन्य मुख्य दलहरूलाई सरिक गराउँदै शान्ति तथा संविधान हासिल गरी राष्ट्रलाई नयाँ संविधानअनुसारको सरकार हस्तान्तरण गर्ने ऐतिहासिक दायित्व पूरा गर्नसक्ने विश्वास लिएका छौं ।

**माओवादीका तर्फबाट**
पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष- एकीकृत नेकपा माओवादी

**संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट**
विजयकुमार गच्छदार
अध्यक्ष- मधेशी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)

महन्थ ठाकुर
अध्यक्ष- तराई-मधेश लोकतान्त्रिक पार्टी

राजेन्द्र महतो
अध्यक्ष- सद्भावना पाटी

जयप्रकाश गुप्ता
अध्यक्ष- मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)

महेन्द्रप्रसाद यादव
अध्यक्ष- तराई मधेश लोकतान्त्रिक पार्टी (नेपाल)

# झलनाथ खनाल नेतृत्वको सरकारमा जान गरिएको सहमति

**सहमति-पत्र**

आज मिति २०६७ साल चैत ९ गते हामी मुलुकमा तीन प्रमुख दलहरू शान्ति प्रक्रियाको पूर्णता, संविधानसभाबाट नयाँ संविधानको निर्माण, तराई मधेशका समस्याहरूको सम्बोधन र सत्ता साझेदारी अन्तर्गत राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्ने सम्बन्धमा निम्न विषहरूमा सहमत भएका छौं :

१) तराई/मधेशको सम्बन्धमा

-२०६४ भदौ १३ गते मधेशी जनअधिकार फोरम नेपाल र २०६४ फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकारबीच भएका सम्झौताको कार्यावन्यन गर्न बाँकी रहेका विषयहरू कार्यावन्यन गरिनेछ ।

-नेपालको सर्वभौमसत्ता, एकता एवम् भौगोलिक अखण्डतालाई अक्षुण राख्दै आत्मनिर्णयको अधिकारसहित स्वायत्त मधेश प्रदेशलगायत सबै प्रदेशहरूको स्थापनासम्बन्धी निर्णय संविधानसभाबाट गरिनेछ ।

-समानुपातिक-समावेशी विधेयकलाई यथाशीघ्र पारित गराइनेछ ।

-तराई-मधेश क्षेत्रलाई मरूभूमिकरण हुनबाट रोक्न वन विनास रोकिनेछ । चुरे क्षेत्रमा वन लगाउने काम गरिनेछ तथा गिट्टी, बालुवा, ढुङ्गा, झिक्ने र निर्यात गर्ने कार्यलाई नियन्त्रण गरिनेछ ।

-तराई-मधेश लगायत सबैतिरको वन जंगललगायतका प्राकृतिक सम्पदाहरूको संरक्षण, संबर्द्धन र उपयोग सबै जनतालपे गर्न पाउने गरी आवश्यक व्यवस्था गरिनेछ ।

-नेपाली नागरिकलाई नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कामलाई सरल र सहज बनाउने व्यवस्था गरिनेछ ।

- वैज्ञानिक भू-उपयोग नीतिलाई लागु गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- मुस्लिम आयोग गठन गरिनेछ ।

२) संविधान निर्माणको सम्बन्धमा

-समावेशी चरित्रको संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधान संविधानसभाबाटै समयमै निर्माण गरी जारी गरिसक्नु पर्दछ ।

-संविधानमा विश्वव्यापी मान्यताअनुरूप आधारभुत मानवअधिकार, जनतामा निहीत सार्वभौमसत्ता र राजकीयसत्ता, सवैधानिक सर्वोच्चता, विधिको शासन, प्रेस स्वतन्त्रता, स्वतन्त्र र उत्तरदायी न्यायपालिका, समावेशी लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली, नागरिक सर्वोच्चता तथा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक राजनीतिक प्रणाली, आवधिक निर्वाचन, नागरिक स्वतन्त्रता, सामाजिक न्याय, राष्ट्रिय एकता र अखण्डताको रक्षा तथा अग्रगामी परिवर्तनजस्ता लोकतान्त्रिक मुल्य र मान्यताहरूलाई नयाँ संविधानका आधारभूत संरचनाको रूपमा राखिनेछ ।

३) शान्ति प्रक्रियाको सम्बन्धमा

-मधेशीलगायत सबै समुदायका जनतालाई समानुपातिक-समावेशी सिद्धान्तका आधारमा नेपाली सेनामा भर्तीको लागि आवश्यक व्यवस्था गरिनेछ ।

-विस्तृत शान्ति सम्झौता र विगतमा भएका सहमतिहरूको आधारमा शान्ति प्रक्रियालाई यथाशीघ्र पूर्णता दिइनेछ ।

-तराई/मधेशलगायत देशमा विभिन्न भागमा संघर्षरत रहेका राजनीतिक समूहहरूसित वार्ता गरी राष्ट्रिय राजनीतिको मूल धारमा ल्याउन प्रयत्न गरिनेछ ।

-मुलुकमा बढिरहेको हिंसा, हत्या तथा अपराधीकरण र दण्डहीनताको स्थितिलाई अन्त्य गर्न ठोस योजना र कार्यक्रम तयार गरी कार्यावन्यन गरिनेछ ।

-नयाँ राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरी लागु गरिनेछ ।

४) सत्ता साझेदारीको सम्बन्धमा

-वर्तमान सरकारमा सहभागी भई शान्ति र संविधानको कामलाई पूर्णता दिन व्यवस्थापिका-संसदमा रहेका सबै दलहरूलाई आह्वान गर्ने कामलाई निरन्तरता दिइनेछ ।

- सरकार संचालनका लागि साझा सहमतिको न्यूनतम कार्यक्रम (क्रफउ) र आचारसंहिता बनाई लागु गरिनेछ ।

- सरकारको काममा समन्वय गर्न सरकारमा संलग्न राजनैतिक दलहरूको उच्चस्तरीय राजनैतिक संयन्त्र निर्माण गरिनेछ ।

- मन्त्रालयहरूको बाँडफाँट पारस्परिक सहमतिका आधारमा गरिनेछ ।

*मिति : २०६७।१२।९*

| (उपेन्द्र यादव) | (झलनाथ खनाल) | (पुष्पकमल दाहाल प्रचण्ड) |
|---|---|---|
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| मजफो, नेपाल | नेकपा(एमाले) | एनेकपा माओवादी |

# उपेन्द्र यादव सम्मिलित संघीय लोकतान्त्रिक मधेशी मोर्चा र उच्चस्तरीय राजनीतिक समितिबीच भएको छबुँदे सहमति

१) मंसिर ४ मै निर्वाचन गर्न प्रतिबद्ध रहने ।
२) प्रत्यक्षतर्फ सिट संख्या २ सय ४०, समानुपातिकतर्फ ३ सय ३५ र मन्त्रिपरिषद्ले १० जना मनोनीत गरी ५ सय ८५ सदस्यीय बनाउने ।
३) मतदाता नामावली अद्यावधिक गर्न दुई साता म्याद थपका लागि निर्वाचन आयोगलाई अनुरोध गर्ने ।
४) संविधानका आधारभूत सिद्धानतबारे सहमति कायम गर्ने कार्यअघि बढाउने ।
५) राजनीतिक समिति विस्तार गरी मोर्चा र निर्वाचनमा आउने अन्य महत्वपूर्ण दललाई सहभागी गराउने ।
६) उच्चस्तरीय राजनीतिक समिति र मोर्चा धाँधलीरहित चुनाव गराउन प्रतिबद्ध रहने ।

मिति : २०७० साउन ३१ गते

# लामो समयदेखि घुम्टोमा रहेको रेलको परीक्षण

जनकपुरधाम । लामो समयदेखि घुम्टोमा रहेको रेलको शनिबार परीक्षण गरिएको छ । भारतबाट ल्याएदेखि नै रेललाई त्रिपालले छोपेर राखिएको थियो । भारतबाट १४ जनाको प्राविधिक टोली बोलाएर रेलको परीक्षण गरिएको हो ।




धनुषाको इनर्वास्थित रेल्वे स्टेशनमा १६ महिनादेखि थन्क्याइएको रेल परीक्षणका लागि गुडाइएको छ । २०७७ असोज २ गते जनकपुर ल्याइएको रेल ३ गतेदेखि इनर्वा स्टेशनमा पार्किङ गरी राखिएको छ ।
लामो समयसम्म पार्किङ गरेर राखिएका कारण रेलको पार्टपूर्जाको अवस्थाबारे बुझ्न परीक्षण जनाइएको छ । इनर्वा स्टेशनमा राखिएको रेल जनकपुरधाम हुँदै कुर्थासम्म पुगेको छ । कुर्थाबाट पुनः रेल घुमाएर जनकपुरधामसम्म ल्याएर परीक्षण गर्ने तयारी गरिएको छ ।
जनकपुर जयनगर रुटमा रेल सञ्चालन गर्नका लागि गत बर्ष नेपाल सरकारले ८४ करोड ६५ लाख रुपैयाँमा भारतबाट रेल खरीद गरेर ल्याएको थियो । नेपाल रेल्वे कम्पनीका अनुसार रेल १६०० एचपी डेमुको हो । रेलको अगाडि र पछाडि समेत इन्जिन रहेको छ ।
एउटा रेलमा ५ वटा डिब्बा रहेका छन् । एउटा ड्राइभिङ पावर कार, एउटा ड्राइभिङ ट्रेलर कार, २ वटा जेनरल ट्रेलर कार र एउटा एसी ट्रेलर कार रहेको छ ।
एउटा रेल सेटमा एक पटकमा करीब १३ सय यात्रु चढ्न सक्ने क्षमता रहेको छ । रेल प्रति घण्टा १ सय १० किलोमिटरको गतिमा गुड्न सक्ने क्षमताको छ ।

## पत्रपत्रिकामा चीन

### व्यापारमा चीनको असहयोग

काठमाडौं । लामो समयदेखि चीनसँगका दूई नाका सहज रुपमा सञ्चालनमा नआएपछि व्यवसायी र स्थानीयले नाका पूर्णरुपमा सुचारु गर्न माग गरेका छन् ।चीनले अघोषित नाकाबन्दी गरेको आरोप लगाउँदै उनीहरुले नाका सुचारु गर्न दबाब दिन बुधबार राजधानीमा प्रदर्शन गरे ।
कोभिड सुरु भएपछि बन्द भउका केरुङ र तातोपानी नाका केही खुले पनि पूर्ण रुपमा खुलेका छैनन् । दैनिक दुई सयदेखि साढे दुई सय ट्रक सामान आयात हुने यी नाकाबाट अहिले मुस्किलले दैनिक २० वटा गाडीमात्रै भित्रिन पाएका छन् । चीनसँगको केरुङबाट दैनिक नौ ट्रक र तातोपानी नाकाबाट ११ ट्रक सामान आयात भैरहेको भन्सार कार्यालयले जनाएका छन् । आयात हुने सामानमा पनि जलविद्युत्का सामान, तरकारी , फलफूल , स्याउ, लसुनलगायतका सामग्रीले प्राथमिकता पाउँछन् । जाडोका लागि ल्याएका सामान अझै आइपुगेको व्यव्सायीको गुनासो छ ।
चिनियाँ पक्षेले कडाइ गर्दै थोरै ट्रक छाडेकाले सामन लोड भएका सयौं ट्रक चीनतर्फ अड्किएको हिमालयन सीमापार वाणिज्य संघले जनाएको छ । 'चीनले एक प्रकारको अघोषित नाकाबन्दी नै गरेको छ,' संघका महासचिव भरत कार्कीले भने, 'पटकपटक सरकारको ध्यानकर्षण गराउँदा पनि सुनुवाइ भएन ।' संघका अनुसार तातोपानी र केरुङतर्फ करिब पाँच सय गाडी रोकिएका छन् । सुरुमा चिनियाँ पक्षेले कोभिडको कारण कडाइ गरेको बताए पनि कोभिड कम हुँदा पनि गाडीको संख्या बढाएन ।
केरुङ हूँदै आउने सामान चिनियाँ पक्षले केरुङ र रसुवागढीको बीचमा रहेको पुलमा झार्ने गरेको छ । त्यहाँबाट नेपाली कामदारले लोड गरी ल्याउँछन् । कोभिडको कारण चिनियाँ पक्षले सामान पुलमा झार्दा लोड गर्न पनि नेपाली व्यापारीलाई झन्झट छ । तातोपानी नाकामा भने चिनियाँ कन्टेनरले नै भन्सारसम्म सामान ल्याएर छाड्ने गरेकाले केही सजिलो छ ।
नेपालीका समस्यामा चिनियाँ पक्ष गैरजिम्मेवार बनेको व्यापारीको आरोप छ । परराष्ट्र मन्त्रालयमा तीनचारपटक ध्यानकर्षण गराउँदा पनि सुनुवाइ नभएको व्यसायीले गुनासो गरे । कूटनीतिक पहल नपुगेको हिमालयन सीमापार वाणिज्य संघका पूर्वमहासचिव नवराज तिमल्सिनाले बताए । 'तीनचार महिनादेखि सामान रोकिएका छन्', उनले भने , 'सरकारले कूटनीतिक पहल गर्न सकेन ।'
नेपाली बजारमा चिनियाँ सामानको वर्चस्व छ । तातोपानी र केरुङबाट सामान आयात गर्दा १८-२० दिनमै आइपुग्छ । भारतको कोलकाताबाट कन्टेनरमा नेपालसम्म सामान आइपुग्न करिब ४०-४२ दिन लाग्छ । तातोपानी र केरुङ हुँदै सामान आयात गर्न आधा समय कम लाग्ने भएकाले व्यापारीले यतैबाट ल्याउन चाहान्छन् । तर चिनियाँ पक्षले नेपाली व्यवसायीको मागलाई बेवास्ता गरेको छ ।
नेपालमा चीनबाट वार्षिक खबौं रुपैयाँको सामान आयात हुन्छ । भन्सार विभागको आर्थिक वर्ष ०७७/०७८ को तथ्यांकअनुसार दुई खर्ब ३३ अर्ब ९२ करोड रुपैयाँको सामान चीनबाट आयात भएको छ । भारत हुँदै ल्याउँदा पानीजहाजको भाडा केही महंगिएको कारण केरुङ र तातोपानी नाका हुँदै सामान आयात गर्न चाहान्छन् ।
काभिड सुरु भएदेखि कडाइ भएको केरुङ र तातोपानी नाकाको अवस्था अहिले पनि उस्तै छ । नेपाली व्यवसायी र सरकारले नाकाबाट आयात हुने गाडीको संख्या बढाउन पटकपटक आग्रह गरे पनि चिनियाँ पक्षले सुनुवाइ नगर्दा नेपाली व्यवसायी मर्कामा परेका हुन् । निकै थोरै कोटा तोकेर सामान पठाएकाले महिनौदेखि नेपाली व्यवसायीका सामान सीमा क्षेत्रमा रोकिएको व्यवसायीको गुनासो छ । – दिलीप पौडेल, नागरिक दैनिक

### काठमाडौंमा 'गो ब्याक चाइना' भन्दै चिनियाँ राजदूत यान्छीको पुतला दहन

काठमाडौं । राष्ट्रिय एकता अभियानले चिनियाँ हस्तक्षेपविरूद्ध काठमाडौंमा प्रदर्शन गरेको छ । काठमाडौंको माइतीघरमा भएको प्रदर्शनको क्रममा नेपालका लागि चिनियाँ राजदूतविरूद्ध चर्को नाराबाजी पनि लगाइएको छ । अभियानका अभियन्ताहरुले चीन सरकार मुर्दाबाद, चिनियाँ हस्तक्षेप बन्द गर, सीमा अतिक्रमण बन्द गर, अघोषित नाकाबन्दी खुला गर र नेपाली विद्यार्थीहरुको पढाइ सूचारु गर लागयतका नारा लगाएका थिए ।
सोही क्रममा उनीहरूले नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीको पुतला दहनसमेत गरेका छन् । नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको भन्दै अभियन्ताहरुले 'गो ब्याक चाइना' लगायतका प्ले कार्ड बोकेर प्रदर्शन पनि गरेका हुन् ।
राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवको नेतृत्वमा प्रदर्शनसहित राजदूत यान्छीको पुतला दहन गरिएको हो ।
पछिल्लो समय नेपालमा चिनियाँ हस्तक्षेप बढेको महशुस हुन थालेको अध्यक्ष यादवले बताएका छन् । चिनियाँ राजदूत होउ यान्छीको सक्रिय राजनीतिक भेटघाटले चिनियाँ प्रभाव परेको सजिलै बुझ्न सकिने परराष्ट्र मामलाका जानकार तथा विश्लेषकहरुको भनाइ छ ।

### चिनियाँ हस्तक्षेपविरूद्ध प्रदर्शन

काठमाडौं । चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गरिरहेको भन्दै स्वतन्त्र नागरिक समूहले विरोध प्रदर्शन गरेको छ । माइतीघरमा भएको प्रदर्शनको क्रममा चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गरिरहेको र अन्य प्रजातान्त्रिक देशविरुद्ध गतिविधि गरेको भन्दै चीनको बिरोध गरिएको हो ।
प्रदर्शनमा सहभागीले चीन सरकार मुर्दावाद, चिनियाँ हस्तक्षेप बन्द गर, सीमा अतिक्रमण बन्द गर, अघोषित नाकाबन्दी खुला गर, तेस्रो देशसँगको सम्बन्धमा नखेल, नेपाली विद्यार्थीहरुको पढाइ सुचारु गर लगायतका नारा लगाउँदै प्लाकार्ड बोकेर प्रदर्शन गरेका थिए ।
चीनले रसुवा र तातोपानी नाकामा अघोषित नाकाबन्दी गरिरहेको र नेपालको तेस्रो देशसँगको सम्बन्धमा खेलिरहेको भन्दै नागरिक समूहले प्रदर्शन गरेको छ ।

### चिनियाँ सरकार मुर्दावाद भन्दै प्रदर्शन

काठमाडौं । 'चिनियाँ सरकार मुर्दावाद' भन्दै काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन भएको छ । बुधबार माइतीघर मण्डलामा सिन्धुपाल्चोकका स्थानीयले चीनसँग जोडिएका केरुङ र खासा नाका खुल्ला गर्न माग गर्दै आन्दोलन गरेका हुन् ।
आन्दोलनकारीहरुले चीन आवतजावत गर्ने केरुङ र खासा नाका खुल्ला गर्न माग गर्दै प्रदर्शन गरेका छन् । चीन सरकारले हुम्लामा रहेको १२ नम्बर पिल्लर सारेको भन्दै मनोमानी ढंगले अर्को देशको सीमास्तम्भ सार्न नपाइने आन्दोलनकारीको माग रहेको छ ।
आन्दोलनकर्मीले नेपाल चाइना नाका खुल्ला गर, विद्यार्थीको भविष्यमाथि खेलवाड गर्न पाइँदैन, हुम्ला जिल्लामा रहेको १२ नम्बर पिल्लर सार्न पाइँदैन, नेपाली भूमि अतिक्रमण बन्द गरलगायतका नारा लगाएका थिए ।

### 'चीनले नेपालमा अघोषित नाकाबन्दी गर्‍यो'

काठमाडौं । राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले छिमेकी राष्ट्र चीनले नेपालमाथि अघोषित नाकाबन्दी गरेको बताएका छन् ।
उनले चीनले गरेको अघोषित नाकाबन्दीका कारण नेपालीहरु दिनप्रति दिन मारमा पर्दै गएको बताएका हुन् । उनले भनेका छन्, 'चीनले नेपालमाथि अघोषित नाकाबन्दी गरेको छ, नेपाली भूमि कब्जा गर्दैछ, व्यापारीहरु मारमा छन् ।'
एक टेलिभिजन अन्तर्वार्तामा अध्यक्ष यादवले लाखौं रुपैयाँ बराबरको मालसामान चिनियाँ नाकामा बर्बाद भइरहेको बताएका हुन् । यस्तै, नेपाली विद्यार्थीहरुहरु पनि पीडामा रहेको उनले बताए ।
चिनियाँ हस्तक्षेप र अघोषित नाकाबन्दीका विरुद्धमा आफूहरु आन्दोलनमा रहेको उनले बताएका छन् ।

### चीनले नेपालको राजनीतिमा खुल्लमखुल्ला हस्तक्षेप गरिरहेको छ : मण्डल

काठमाडौं । मधेशी नागरिक समाजका अध्यक्ष गणेश मण्डलले छिमेकी राष्ट्र चीनले नेपालको राजनीतिमा खुल्लमखुल्ला हस्तक्षेप गरिरहेको बताएका छन् ।
अध्यक्ष मण्डलले एक टेलिभिजनको अन्तर्वार्तामा सो कुराको खुलासा गरेका छन् । उनले भने, 'चीनले नेपालमा आफ्नो प्रभुत्व जमाउनका लागि नेपालका कम्युनिष्ट पार्टीहरुलाई प्रशिक्षण दिइरहेका छन् ।'
चिनियाँ राजदूतले राजनीतिक दलका शीर्ष नेताहरुलाई भेटेर प्रशिक्षण दिइरहेको समेत उनले बताए । उनले एमसीसीको विरोध गराउन पनि चीनले केही नेता र बुद्धिजीवीहरुलाई उचालेको उनको आरोप छ ।

## संक्षिप्त समाचार

### बोलेरो र कार ठोक्किँदा एकको मृत्यु

धनुषा । मिथिला नगरपालिका-८ बडहरीस्थित सडकमा प्र २-०२-००१ च ०७२८ नम्बरको बोलेरो र बा.१७ च ३७८६ नम्बरको कार ठोक्किँदा एक जनाको मृत्यु भएको छ । बोलेरो र कार एक-आपसमा बिहीबार राति ठोक्किएर दुर्घटना हुँदा कार चालक महोत्तरी गौशाला नगरपालिका-२ बस्ने ३५ वर्षीय उदम चौधरीको मृत्यु भएको छ । दुर्घटनाबाट गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अन्य ३ जनामध्ये १ जनाको न्यूरो अस्पताल बाँसवारी र २ जनाको मोडल अस्पताल लालगढमा उपचार भइरहेको छ । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### तीन किलोभन्दा बढी गाँजासहित पक्राउ

मोरङ । धनपालथान गाउँपालिका-२ बरियाती टोलबाट करिब ३ किलो १ सय ५ ग्राम अवैध लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने ४० वर्षीय वसन्त पासवानलाई प्रहरीले पक्राउ गरेको छ । आइतबार दिउँसो विशेष सूचनाको आधारमा प्रहरी चौकी अमाहिवरियातीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त गाँजा सहित फेला पारी उनलाई पक्राउ गरेको हो । साथै उक्त गाँजा ओसारपसारमा संलग्न रहेको अभियोगमा सुनसरी धरान उपमहानगरपालिका-१६ बस्ने ३६ वर्षीय रबिन राईलाई नगद २० हजार ५ सय रुपैयाँ र सोही ठाउँ बस्ने २९ वर्षीय वचन राईलाई प्रदेश नम्बर १-०२०-०४५ प २६९९ नम्बरको मोटरसाइकल सहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

### लागूऔषधसहित एक जना पक्राउ

कैलाली । टीकापुर नगरपालिका-७ सत्तीबाट सोही ठाउँ बस्ने २९ वर्षीय प्रकाश चौधरीलाई नियन्त्रित लागूऔषध ३५ क्याप्सुल स्पास्मो प्रोक्सिभन सहित प्रहरीले पक्राउ गरेको छ । उक्त ठाउँस्थित सडक किनारमा से.४ प ६७५६ नम्बरको मोटरसाइकल पार्किङ गरी शंकास्पद तवरले बसिरहेका प्रकाशलाई प्रहरी चौकी सत्तीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### दुर्घटनामा स्कुटर चालकको मृत्यु

रुपन्देही । बुटवल उपमहानगरपालिका-७ दिपनगरस्थित सडकमा लु.११ प ७७२१ नम्बरको स्कुटर दुर्घटना हुँदा स्कुटर चालक अर्घाखाँची सितगंगा नगरपालिका-४ घर भएका १८ वर्षीय सुरेन्द्र घर्ती क्षेत्रीको मृत्यु भएको छ । उक्त स्कुटर सडक किनारमा रोकी राखेको ना.६ ख ९७५५ नम्बरको ट्रकमा ठोकिदा अनियन्त्रित भई ग.१ घ ३८ नम्बरको गाडीमा ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । दुवै सवारी साधनका चालकलाई नियन्त्रणमा लिएर यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### श्रोत नखुलेको रुपैयाँसहित एक जना पक्राउ

रौतहट । रौतहट जिल्लाको ईशनाथ नगरपालिका २ स्थित मनमोहन गेटबाट सशस्त्र प्रहरीले श्रोत नखुलेको १४ लाख ५० हजार नेपाली रुपैयाँसहित भारतमा घर बताउने ३९ बर्षिय संजय कुमार जैसवाललाई पक्राउ गरेको छ । बि आर ०५ ए जी ८०५७ नम्बरको भारतिय मोटरसाईकलमा नेपालतलर्फ आउँदै गरेका निज जैसवाललाई शंका लागी जाँच गर्दा उनको साथमा फेला परेको उक्त रुपैयाँको श्रोत नखुलेपछि सशस्त्र प्रहरी बल, नेपाल नम्बर ११ गण रौतहटबाट खटिएको सशस्त्र प्रहरीले उनलाई पक्राउ गरेको हो । त्यसबेला उक्त मोटरसाईकलसमेत बरामद गरिएको छ । सो मोटरसाईकलको भन्सार दाखिला मुल्य १ लाख रुपैयाँ रहेको छ । पक्राउ परेका निज जैसवाललाई बरामद रुपैयाँ तथा मोटरसाईकलसहित आवश्यक कारवाहीको लागी भन्सार कार्यालय गौरमा बुझाईएको छ ।

### बाघको आक्रमणबाट महिलाको मृत्यु

नेपालगन्ज । बाँकेमा बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ । शनिबार बिहान जंगलमा पात टिप्न जानेक्रममा राप्ती सोनारी गाउँपालिका वडा नं. ६ हब्रहवाकी ३० बर्षीया चाँदनी चौधरीलाई बाघले आक्रमण गरेको थियो । चौधरीको शव जंगलमा फेला परेको जिल्ला प्रहरी कार्यालय बाँकेले जानकारी दिएको छ ।

### ३२ लाख ८९ हजारसहित पक्राउ

कपिलवस्तु । कपिलबस्तु नगरपालिका-९ हर्नामपुर बस्ने चेतन खटिक भन्ने ३९ वर्षीय राम बहादुर खटिकलाई स्रोत नखुलेको नगदसहित पक्राउ गरिएको छ । उनलाई ३२ लाख ८९ हजार १ सय ५० नेपाली रुपैयाँ र १ लाख ८५ हजार ४० भारतीय रुपैयाँ सहित गएराति प्रहरीले पक्राउ गरेको छ । उनको घरमा अवैध लागूऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पिपराबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त नगद र विभिन्न कम्पनीका १६ थान मोबाइल फोन फेला पारी उनलाई पक्राउ गरेको हो ।

### ब्राउन सुगरसहित २ जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ विश्वनाथ मन्दिर नजिकबाट ४ ग्राम ६ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २५ वर्षीय दिपेन्द्र सिंह र ३३ वर्षीय नितेश ओली रहेका छन् जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले शंकास्पद रुपमा हिँडिरहेका उनीहरूलाई जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### आगलागीबाट १० करोडको क्षति

धनुषा । लक्ष्मीनिँया गाउँपालिका-७ भगवतीपुरस्थित जनकपुर उपमहानगरपालिका-४ बस्ने नवल मुडरकाको जानकी प्लाष्टिक उद्योगमा विद्युत सर्ट भई आगलागी भएको छ । सोमबार राति आगलागी हुँदा मेसिन, मेटेरियल सामान, केमिकल, कच्चा पदार्थ, काठपात, लत्ताकपडा लगायत अन्नपात जलेर करिब १० करोड रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय महेन्द्रनगर र प्रहरी चौकी लक्ष्मीनिँयाबाट खटिएको प्रहरीले दमकल र स्थानीय बासिन्दाको सहयोगमा आगलागी पूर्णरुपमा नियन्त्रणमा लिएको छ ।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
० खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

17-39, Madheshvani, Pus-30, 2078.pmd 6 1/15/2022, 2:27 PM

## विश्व परिवेश

# चीनले अरुणाचल प्रदेशका ठाउँहरुको नाम परिवर्तन गर्नु हास्यास्पद : भारत

चीनले अरुणाचल प्रदेशका ठाउँहरूको नाम परिवर्तन गरेको हालैका कार्यहरूप्रति आक्रोशित प्रतिक्रिया व्यक्त गर्दै भारतले यसलाई "हास्यास्पद अभ्यास" भनेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले साप्ताहिक मिडिया ब्रीफिंगमा भने, " हामीले गत हप्ता अरुणाचल प्रदेशमा चिनियाँ पक्षले केही ठाउँहरूको नाम परिवर्तन गरेको समाचार देख्यौं। हामीले त्यसबेला असम्भव क्षेत्रीय दाबीलाई समर्थन गर्न यस्तो हास्यास्पद अभ्यासमा हाम्रो विचार व्यक्त गरेका थियौं' ।

चीनले अरुणाचल प्रदेशका ठाउँहरूको नाम परिवर्तन गरेकोमा कडा दृष्टिकोण राख्दै उनले भने, "ट्युटिङलाई "डाउडेङ" वा सियोम नदीलाई "सियुमु" वा किबिथुलाई "डाबा" भनेर बोलाउनुले अरुणाचल प्रदेश सधैं भारतको रहेको तथ्यलाई परिवर्तन गर्दैन।"

उनले भने, "हामी आशा गर्छौं कि त्यस्ता गतिविधिहरूमा संलग्न हुनुको सट्टा, चीनले भारत-चीन सीमा को पश्चिमी क्षेत्रहरूमा रहेका विवाद समाधान गर्न हामीसँग रचनात्मक रूपमा काम गर्नेछ।"



गत महिना, चीनले अरुणाचल प्रदेशमा थप १५ स्थानका लागि चिनियाँ अक्षर र तिब्बती र रोमन अक्षरमा नाम घोषणा गरेको थियो, जसलाई उसले "दक्षिण तिब्बत" भनेर दाबी गर्दै आएको छ।

चीनको नागरिक मामिला मन्त्रालयले अरुणाचल प्रदेशको चिनियाँ नाम जांगनानका १५ स्थानको नाम "मानकीकृत" गरेको घोषणा गरेको थियो। भारतले आक्रोशित प्रतिक्रिया दिदै भनेको थियो, "अरुणाचल प्रदेश सधैं भारतको अभिन्न अंग हो, र सधैं रहनेछ। अरुणाचल प्रदेशका ठाउँहरूलाई आविष्कार गरिएका नामहरू तोक्दा यो तथ्य परिवर्तन हुनसक्दैन।

विदेश मन्त्रालयका प्रवक्ताले भनेका थिए, "चीनले अरुणाचल प्रदेशमा ठाउँहरूको नाम परिवर्तन गर्ने प्रयास गरेको यो पहिलो पटक होइन। चीनले अप्रिल २०१७ मा यस्ता नामहरू तोक्न खोजेको थियो।"

भारतस्थित चिनियाँ दूतावासका राजनीतिक सल्लाहकारले सांसदलाई लेखेको पत्रका सम्बन्धमा अरिन्दम बागचीले भने, 'पत्रको सार, स्वर र टेन्डर अनुपयुक्त छ । भारत एक जीवन्त लोकतन्त्र हो र जनताका प्रतिनिधिका रूपमा माननीय संसद सदस्यहरूले विचार र आस्था अनुसार गतिविधिहरू गर्छन् भन्ने कुरा चिनियाँ पक्षले याद गर्नुपर्छ। हामी चिनियाँ पक्षले माननीय संसद सदस्यहरूको सामान्य गतिविधिलाई आलोचना गर्न र हाम्रो द्विपक्षीय सम्बन्धको अवस्थालाई थप जटिल नबनाउने अपेक्षा गर्दछौं।

डिसेम्बर २२ तारिख मा निर्वासित तिब्बती संसदले आयोजना गरेको रात्रिभोजमा विभिन्न राजनीतिक दलका कम्तीमा छ जना सांसदहरू सहभागी भएका थिए। यस कार्यक्रमको एक हप्तापछि दिल्लीस्थित चिनियाँ दूतावासले उनीहरूको सहभागिताप्रति आफ्नो "चिन्ता" व्यक्त गर्दै उनीहरूलाई " तिब्बती स्वतन्त्रता सेनालाई समर्थन प्रदान गर्नबाट टाढा रहन आव्हान गरेका थिए।

चिनियाँ दूतावासको पत्रमा प्रतिक्रिया दिँदै, बीजेडी सांसद र तिब्बतका लागि सर्वदलीय भारतीय संसदीय फोरमका संयोजक सुजित कुमारले चिनियाँ दूतावाससँग यस विषयमा भारतीय सांसदहरूलाई पत्र लेख्ने कुनै स्थान नभएको बताएका थिए ।

-इण्डिया न्यूज नेटवर्क

# तेस्रो कनेक्ट (इन) उद्यम कनक्लेभ तथा India@75 आइडियाथन

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले क्लक-बि बिजनेस इनोभेसनसँग साझेदारी गर्दै यही २०७८ माघ २२ गते काठमाडौंमा International Entrepreneurship Conclave – Connect [IN] को तेस्रो संस्करण आयोजना गर्दैछ । यो सम्मेलन "आजादीका अमृत महोत्सव" अन्तर्गत भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउन हेतु वर्षभरी नै मनाइन लागेकोउत्सवकोएक हिस्सा हो जस अन्तर्गत पहिलोचोटी क्ष्लमष्ब२ठछ आइडियाथन नामक कार्यक्रम २०७८ माघ १३ देखि माघ १५ सम्म आयोजना हुन लागेको छ ।

यसका अघिल्ला दुई संस्करणहरुमा ऋयलल भअत [IN] ले नेपाल र भारतका युवा उद्यमीहरु, लगानीकर्ताहरु, उद्यम पूँजीपतिहरु र विज्ञहरुलाई विचारदेखि व्यापार मोडेलसम्म, समस्यादेखि समाधानसम्म र व्यापारदेखि लगानीसम्म विविध विषयहरुमा एक अर्काबाट सिक्न र एक अर्कासँग जोडिन महत्वपूर्ण मञ्च प्रदान गरेको थियो । अघिल्लो दुई संस्करणको सफलतालाई निरन्तरता दिदै भारत र नेपालका स्टार्टअप इकोसिस्टमहरु बीचको बढ्दो सम्बन्धलाई थप सुदृढ गर्ने यस तेस्रो संस्करणको मुख्य लक्ष्य हो ।

यस वर्ष, पहिलो पटक, Connect [IN] को एक हिस्साको रुपमा भारतीय राजदूतावासले माघ १३ देखि माघ १५ सम्म India@75 आइडियाथन नामक कार्यक्रमको पनि आयोजना गर्दैछ । हाम्रो दैनिक जीवनलाई प्रभावित पार्ने तथा दुवै देशका नीति निर्माणमा अर्थ राख्ने चार महत्वपूर्ण क्षेत्रका जल्दाबल्दा चुनौतीहरुविरुद्ध प्रविधिमैत्री समाधानहरु खोज्न नेपालका युवा मस्तिष्कलाई त्यसमा संलग्न गराउने आइडियाथनको उद्देश्य रहेको छ । यी चार क्षेत्रहरु यस प्रकारका छन्:

१. अन्तरदेशीय वाणिज्य
२. कृषि बजार
३. शहरी विकास
४. सुशासन

काठमाडौंका विश्वविद्यालय तथा कलेजमा अध्ययनरत विज्ञान, इन्जिनियरिब, व्यवस्थापन र मानविकी संकायका विद्यार्थीहरु क्ष्लमष्ब२ठछ आइडियाथनका सहभागीका रुपमा रहनेछन् । यस तीन दिने 'आइडियाथन' मा सहभागीहरुले आ-आफ्नो टोली बनाई विभिन्न विषयमा विचार मन्थन गर्ने, एक आपसमा सहकार्य गरी फिल्डवर्कमा सहभागी हुने र माथि उल्लिखित चारवटा विषयमा पहिचान गरिएका समस्याहरुको समाधान आ-आफ्नो हिसाबले प्रस्तुत गर्नेछन् । प्रबुद्ध व्यक्तिहरुको एक निर्णायक मण्डलले २०७८ माघ १५ गते विजेता टोली चयन गरी अवार्ड घोषणा गर्नेछ ।

Connect [IN] Conclave का लागि दाब, सर्लाही र सुनसरी जिल्लाका विद्यालय लगायत नेपालका विभिन्न स्थानमा 'प्रि-इभेन्ट एक्टिभेसन क्याम्प' को संचालन गरिएको थियो । दूतावासले Connect [IN] Conclave र India@75 आइडियाथनमा नेपालका युवा उद्यमी, उद्यम पूँजीपति, इनोभेटर, विद्यार्थी तथा सञ्चारकर्मीहरुको उत्साहजनक सहभागीताको अपेक्षा गरेको छ । यी कार्यक्रमहरु नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनुरुप आयोजना गरिनेछ ।


पशु सेवा विभाग

## राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

हरिहरभवन, ललितपुरको अनुरोध

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Husbandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np


## जिल्ला समाचार

### शान्ति समाजको बैठक कपिलवस्तुमा हुने

कपिलवस्तु । मानव अधिकार तथा शान्ति समाजको २४औँराष्ट्रिय परिषद् बैठक (वार्षिक साधारणसभा) माघ २१ र २२ गते शान्ति समाज कपिलवस्तु शाखाको आतिथ्यतामा जितपुर ४ नम्बरमा आयोजना हुने भएको छ । गुणस्तरीय स्वास्थ्य सेवा र वैज्ञानिक शिक्षा : सबैको अधिकार भन्ने मूल आह्वानसहित सम्पन्न हुन गइरहेको राष्ट्रिय परिषद् बैठक आयोजनाका लागि शान्ति समाज कपिलवस्तु शाखा सभापति गोविन्द पोखरेलको संयोजकत्वमा मूल तयारी समिति र विभिन्न उपसमिति गठन भएको छ । राष्ट्रिय परिषद् समाजको सर्वोच्च नीति निर्णायक अंग हो ।बिहीबार सम्पन्न मानव अधिकार तथा शान्ति समाज केन्द्रीय कार्यसमितिको बैठक (भर्चुअल) ले शान्ति समाजका चार जना केन्द्रीय सदस्यहरुले शान्ति समाज केन्द्रीय कार्यसमितिको सदस्य पदबाट राजिनामा दिएको सम्बन्धमा, उनीहरुले शान्ति समाजमा गरेको योगदानप्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै राजिनामा स्विकृत गरेको छ । दुर्गा राना (लक्ष्मी), निर्मला सुवेदी, गणेश पौडेल र सन्तोष रौनियारले शान्ति समाजको अभियानमा सदैव साथ र सहयोग रहने प्रतिवद्धतासहित हाल आफ्नो राजनीतिक सक्रियताको कारण (हालै सम्पन्न राजनीतिक दलको निर्वाचन प्रक्रियामा उम्मेदवारी) जनाई राजिनामा दिएका हुन् ।

### जनताको जीवनस्तर उकास्नमा सहकारीको भूमिका महत्वपूर्ण : मुख्यमन्त्री राउत

जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले ग्रामीण जनताको जीवनस्तर उकास्नमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका छन् । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १८औं वार्षिक साधारणसभालाई उद्घाटन गर्दै मुख्यमन्त्री राउतले ग्रामीण जनताको आयस्तर उकास्नका साथै उनीहरुको जीवनशैली परिवर्तनमा पनि सहकारीको भूमिका महत्वपूर्ण रहेको बताएका हुन् । अर्थतन्त्रको तीन खम्बामध्ये एक सहकारीले संविधानले पनि स्वीकार गरिरहेको जिकिर गर्दै उनले थोरै पूँजीलाई एकत्रित गरेर आमजनताले सहकारीमार्फत लाभान्वित भइरहेको बताए । सहकारीमा प्रदेश र स्थानीय सरकारको पनि पुँजी लगानी हुनुपर्छ, उहाँले भन्नुभयो-यसरी लगानीले अझै बढी जनता लाभान्वित हुन्छ । सहकारी सम्बन्धी ऐन ल्याएर सरकारले आफ्नो तर्फबाट सहयोग गर्ने मुख्यमन्त्री राउतले बताए । सहकारी विज्ञहरुसित छलफल गरेर मात्रै सहकारी सम्बन्धी ऐन ल्याउने उनले जानकारी दिए । राष्ट्रिय सहकारी बैंक लिमिटेडका अध्यक्ष केबी उप्रेतीको अध्यक्षतामा भएको उद्घाटनसत्रमा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य एवम् राष्ट्रिय सहकारी बैंक लिमिटेड धनुषाका सल्लाहकार शिवचन्द्र चौधरीले सहकारीले समाजमा गर्नुपर्ने योगदान अझै गर्न नसकेको बताए । उनले सहकारीमा अहिले बढेको विकृतिलाई हटाए मात्रै समाजिक रुपान्तरणमा सहकारीको भूमिका महत्वपूर्ण हुन सक्ने जिकिर उनले गरे । सो अवसरमा अध्यक्ष उप्रेतीले राष्ट्रिय सहकारी बैंक लिमिटेडको आर्थिक वर्ष २०७७०७८ आय व्यय विवरण प्रस्तुत गरेका थिए ।

### वामपन्थी आन्दोलनका अगुवा नेता तथा समाजसेवी काशीप्रसाद साह निधन

रौतहट । वामपन्थी आन्दोलनका अगुवा नेता तथा समाजसेवी काशीप्रसाद साहको निधन भएको छ । लामो समयदेखि वामपन्थी आन्दोलनमा जोडिएका समाजसेवी साह नेकपा एमालेका कार्यकर्ता थिए । ७९ वर्षको उमेरमा उनको निधन भएको हो । रौतहटको गरुडा नगरपालिका ४ का वामपन्थी नेता साहको योगदान गरुडालाई सहरीकरण गर्नमा पनि रहेको छ । साह मध्यरौतहट बहुमुखी क्याम्पस गरुडाको व्यवस्थापन समितिका सदस्य पनि हुन् । अनेक समाजसेवी संस्थामा काम गरेका साह विगत ६ वर्षदेखि क्यान्सर रोगले ग्रसित साहको उपचार काठमाडौंमा हुँदै आएको थियो । साहको अन्त्येष्टि शनिबार गरिएको पारिवारिक स्रोतले जानकारी गराएको छ । साहको पार्थिव शरीरलाई कम्युनिष्ट पार्टीको झन्डा ओढाई सम्मान गरिएको छ ।

### एमाले कपिलवस्तुमा डम्मर शर्मा निर्वाचित

कपिलवस्तु । नेकपा एमाले कपिलवस्तुको अध्यक्षमा डम्मर शर्मा निर्वाचित भएका छन् । अध्यक्षका लागि शनिबार भएको मतदानमा २ सय ३८ मत ल्याउँदै शर्मा निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धीद्वय बाबुराम खनालले १८६ र नेत्र अधिकारीले १ सय मत प्राप्त गरेका छन् । यस्तै उपाध्यक्षमा विश्रामप्रसाद थारु निर्वाचित भएका छन् । थारुले ३ सय ४५ मत प्राप्त गर्दा प्रतिस्पर्धी हिरालाल पौडेलले १ सय ६६ मत प्राप्त गरे ।

### शिक्षा र स्वास्थ्य सम्बन्धी नागरिक संवाद

बाँके । युथ टुडे मिडिया नेटवर्क प्रा.लिको आयोजनामा बिहिबार नेपालगंज उपमहानगरपालिका वडा नं. ४ मा शिक्षा र स्वास्थ्यको अवस्था विषयक नागरिक संवाद कार्यक्रम सम्पन्न भएको छ। नेपालगंज उपमहानगरपालिका वडा नं. ४ को आर्थिक सहयोगमा स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन नागरिक संवाद सहजीकरण कार्यक्रम आयोजना गरिएको थियो । वडा अध्यक्ष मोहम्मद सफिक बेहनाले किशोरीहरुलाई लक्षित गरी संचालन गरिएको कन्या माविमा माध्यमिक तहसम्मको शिक्षा निशुल्क र अनिवार्य गराईएको बताउँदै शिक्षक र शिक्षण संस्थालाई श्रोत साधन सम्पन्न बनाउने र दरबन्दी अनुसारको शिक्षक व्यवस्था गर्ने काम वडाको पहलमा भईरहेको बताए । उनले नागरिकहरुबाट आएको गुनासोलाई तत्काल सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । वडा अध्यक्ष बेहनाले बिपन्न तथा जेहनदार किशोरीहरुलाई आफनो व्यक्तिगत खर्चबाट पढाउने संवाद कार्यक्रममा प्रतिबद्धता गरेका थिए ।

### १० किलो चरेशसहित महिला पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-१६ शंकराचार्य गेटबाट करिब १० किलो अवैध लागूऔषध चरेशसहित एक महिला पक्राउ परेकी छन् । रौतहट पिपरीया परेवा घर भएकी ४२ वर्षीया रञ्जु देवीलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरीले उक्त चरेश सहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### भ्यान र मोटरसाइकल ठोक्किँदा युवकको मृत्यु

मोरङ । उर्लाबारी नगरपालिका-७ ग्राण्ड होटल नजिक को.१ च ३६४४ नम्बरको भेन र ना.१३ प ७६३२ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई बुधबार साँझ दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-४ बस्ने २१ वर्षीय पवन लिम्बुको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको बीएण्डसी बिर्तामोड अस्पताल झापामा उपचारको क्रममा मृत्यु भएका हो । घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने ३२ वर्षीय हिरण बिकको सोही अस्पतालमा उपचार भइरहेको छ । भेन चालकलाई नियन्त्रणमा लिनुका साथै दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हत्या अभियोगमा ५ जना पक्राउ

पर्सा । वीरगञ्ज महानगरपालिका-३ छप्कैया बस्ने भारत बिहार जिल्ला वैशाली ग्रामपञ्चायत महुवा घर भएका ई-रिक्सा चालक ४५ वर्षीय मुख्तार मियाँको हत्या गरेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा छप्कैया बस्ने भारत बिहार पूर्वी चम्पारण मोतीहारी घर भएका ३० वर्षीय सुनिल कुमार, बारा परवानीपुर गाउँपालिका-५ बस्ने २२ वर्षीय निकेश पटेल, पर्सा छप्कैया बस्ने भारत बिहार मुंगेर थाना हवेली खडपपुर ग्राम बैजरपुर घर भएका ५५ वर्षीय सपन मण्डल, छप्कैया बस्ने भारत बिहार घर भएका बक्सर भन्ने ३५ वर्षीय नाजिर हुसैन र छप्कैया बस्ने ५० वर्षीय बाबर हुसैन रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई उनीहरूकै आ-आफ्नो घर ठेगानाबाट पक्राउ गरेको हो । प्रदेश-२-०३-००१ ह ६६९ नम्बरको ई-रिक्सा चालक मुख्तार यही पुस २१ गते साँझ आफ्नो रिक्सासहित हराइरहेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगञ्ज महानगरपालिका-२३ इटियाहीस्थित नारायणी बयोधा अस्पतालको पछाडिपट्टि नहरमा पुस २२ गते मुख्तारको शव फेला पारेको थियो । अनुसन्धानको क्रममा मृतकको रिक्सा, अभियुक्त सुनीलको १ थान अटो, घटनामा प्रयोग भएको १ थान फलामको रेन्च, अभियुक्तहरूको २ थान मास्क, रगत लागेको अभियुक्तको २ थान सर्ट, रगत लागेको अभियुक्तको १ थान ज्याकेट, रगत लागेको अभियुक्तको १ जोर जुत्ता र सिसीटिभी फुटेजहरू लगायत प्रहरीले बरामद गरेको छ । एउटै घरमा बस्दै आएका अभियुक्त सपन मण्डल र मुख्तारबीच झगडा भएको तथा उक्त झगडाको रिसइवी र आर्थिक प्रलोभनका कारण उनीहरू ५ जना र हाल फरार १ जना भारतीय नागरिक समेत मिलेर मुख्तारको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको र घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

### स्कुटर दुर्घटनामा परी एकको मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-८ बस्ने ३५ वर्षीय लाल प्रसाद पन्थीको मंगलबार बिहान स्कुटर दुर्घटनामा परी मृत्यु भएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका-६ तेलारस्थित सडकबाट तल खोल्सामा लु.१९ प ६७२५ नम्बरको स्कुटरसहित खसेर मृत्यु भएको अवस्थामा उनको शव फेला परेको हो ।

### ब्राउनसुगरसहित तीन जना पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-३ स्थित सडकबाट सोही ठाउँ बस्ने ३३ वर्षीय पिलावर शाही लगायत ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । ४ ग्राम २ सय मिलीग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने खैरो धुलो पदार्थ सहित बुधबार दिउँसो उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । ईलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनीहरूको साथबाट उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

### आगलागीमा १२ चौपाया जले

रौतहट । गौर नगरपालिका-८ पुरेनवास्थित रधुनाथ साहको गोठमा बालेको घुरबाट आगलागी हुँदा १२ चौपाया जलेका छन् । बालेको आगो बुधबार दिउँसो आगलागी हुँदा १२ वटा चौपाया, अन्नपात, लत्ताकपडा लगायत सामान जलेर करिब १२ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# सांस्कृतिक सम्बन्ध स्थापित गर्न हिन्दी भाषाको भूमिका महत्वपूर्ण : मुख्यमन्त्री राउत



जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले नेपाल र भारतबीच सांस्कृतिक सम्बन्ध स्थापित गर्न हिन्दी भाषाको भूमिकालाई महत्वपूर्ण बताएका छन् ।
भारतीय महावाणिज्य दूतावास वीरगंजले विश्व हिन्दी दिवसको अवसर पारेर आइतबार जनकपुरधाममा आयोजना गरेको 'नेपाल और भारत के सांस्कृतिक सम्बन्ध मे हिन्दी का योगदान' विषयक गोष्ठीलाई उद्घाटन गर्दै मुख्यमन्त्री राउतले बोल्न र बुझ्नमा सहज भएकोले दुवै मुलुकका नागरिकबीच सम्बन्ध स्थापित गर्न हिन्दी भाषा महत्वपूर्ण रहेको बताए ।
डा. आशा सिन्हाको अध्यक्षतामा भएको गोष्ठीमा पूर्व-पश्चिमलाई जोड्ने काम पनि हिन्दी भाषाले गरिरहेको उनले थपे ।
नेपाल र भारतबीचको सम्बन्धलाई सीमाले नछेक्ने तर्क गर्दै उनले सदियौं पूरानो सम्बन्ध स्थापित गर्न पनि हिन्दी भाषाको योगदान महत्वपूर्ण रहेको बताए ।
मुख्यमन्त्री राउतले विभिन्न भाषाको अध्ययन र अनुसन्धान गर्नका लागि प्रदेश सरकारले प्रज्ञा प्रतिष्ठान गठन प्रक्रिया चाँडै अघि बढाउने जानकारी दिए । भाषा र संस्कृतिको रक्षा गर्ने दायित्व प्रदेश सरकारको छ, उनले भने-यसको लागि आवश्यक ऐन कानुन र बजेट चाँडै व्यवस्थापन गर्छु ।
गोष्ठीमा कविता वाचन गरेका कविहरुको प्रसंशा गर्दै मुख्यमन्त्री राउतले विद्वानहरुले वडो कलात्मक र सुन्दर तरिकाले समसमायिक विषयवस्तु थोरै शब्दमा पस्केकोमा धन्यवाद समेत ज्ञापन गरे ।
सो अवसरमा सामाजिक विकास मन्त्री नवल किशोर साहले हिन्दी भाषा नेपाल र भारत बीचको सम्बन्धलाई स्थापित गर्ने सेतुको काम गरेको बताए ।
गोष्ठीमा महावाणिज्यदूत नितेश कुमारले प्रत्येक वर्ष १० जनवरीका दिन विश्व हिन्दी दिवस मनाउँदै आएको जानकारी दिदै सन् २००६ देखि नियमित रुपमा सो दिवस मनाउँदै आएको बताए ।
जनकपुरसहित वीरगंज र कलैयामा पनि विश्व हिन्दी दिवस मनाउने तयारी रहेको उनले बताए ।
विश्वका ५० करोड भन्दा बढी नागरिक अहिले हिन्दी भाषाको प्रयोग गरेको जानकारी उनले दिए ।
सो अवसरमा जनकपुरधामका साहित्यकारहरुले हिन्दी भाषामा कविता वाचन समेत गरेका थिए । गोष्ठीमा कविता वाचन गरेका साहित्यकारहरुलाई मुख्यमन्त्री राउतले दोसल्लो ओढाएर सम्मान गरेका थिए ।

# मधेश...

राजनीतिमा नवीन युगको सुत्रपात गरेको छ । तर मधेशका जनताको न्यायिक अधिकार प्राप्तिको लागि उठेको आन्दोलनले उठाएका मागहरू अझै पूर्णरुपमा सम्बोधन भने नभएको विश्लेषक मिश्रको भनाइ छ । पछिल्लो १५ वर्षलाई फर्केर हेर्ने हो भने अधिकार र पहिचानका लागि सयौं युवाहरूले दिएको बलिदानीको सहि रुपले सम्बोधन भएको छैन । तर मधेशको मुद्दाहरू भने समाधान भएको देखिँदैन ।

२०६३/०६४ देखि २०६५ सम्म दुई पटक मधेश आन्दोलन भयो । बीचमा २२ बुँदे सम्झौता पनि भयो । दोस्रो आन्दोलन ६ महिनाभन्दा बढी समय चल्यो । आन्दोलनको क्रममा २०६४ फागुन १६ गते सरकार र आन्दनोलनकारी मधेशी दलहरूबीच आठ बुँदे सम्झौता भयो । सहमति पछि मधेशी दलहरु आफै सत्ताधारी दलमा रुपान्तरित भए र त्यसपछि बनेका सबै सरकारमा कुनै न कुनै रुपमा सहभागी पनि भए । सरकारमै सहभागी भएका कारण तात्कालीन अवस्थामा रहेका तीनवटा दल विभिन्न टुक्रामा विभाजित पनि भए ।

संविधानसभाको चुनावसम्म आइपुग्दा मधेशी दल आफैँ कमजोर भयो । फलतः उनीहरुको उपस्थिति संविधानसभामा बलियो रहेन । ठूला दलहरूले 'फास्ट ट्र्याक'बाट संविधान निर्माण गरे र जारी भयो ।

यता, मधेशी दलले संविधानमा आफ्नो अधिकार र पहिचान लेखाउनका लागी पुनः आन्दोलन सुरु गरे । संसद भवनमा संविधान निर्माणको जोडतोड चलिरहँदा मधेशमा भने आन्दोलन चलिरहेको थियो । तर त्यसलाई पूरै वेवास्ता गर्दै २०७२ असोज ३ गते संविधान जारी भयो र आन्दोलन झनै चर्कियो ।

आन्दोलन 'नाकाबन्दी'सम्म पुग्यो तर पनि सरकार संविधान संशोधनका गर्न तयार भएन । सुशिल कोइराला प्रधानमन्त्री रहेको सरकारले 'समावेशी समानुपातिक' राखेर नयाँ संविधानलाई संशोधन त गऱ्यो तर त्यो संशोधनलाई पनि मधेशी दलहरूले स्वीकार गरेन् । आफूहरूसँग परामर्श नै नगरिकन र मधेशका मुद्दालाई सम्बोधन नै नगरिकन संविधान जारी गरेको भन्दै उनीहरूले विरोध जारी राखे ।

यद्यपी मधेशी जनताको अपेक्षा विपरीत अधिकार र पहिचानका लागि आन्दोलन गर्दै आइरहेका मधेशी दलहरू अन्ततः चुनावमा सहभागी भए ।

मधेश आन्दोलनमा मृत्यु भएकाहरुको लास देखाएर मधेशी नेताहरुले चुनाव जिते तर बिडम्बना मधेशी मुद्दाका कट्टरविरोधी केपी शर्मा ओलीलाई प्रधानमन्त्री बन्न सघाए । तत्कालीन संघीय समाजवादी फोरम नेपाल त्यसबेलाका सत्ता साझेदार तत्कालीन माओवादी र एमालेसँग दुई बुँदे सम्झौता गरी सरकारमै सहभागी भए ।

पछि संविधान संशोधनको बहाना बनाएर समाजवादी पार्टी सरकारबाट बाहिरियो । राजपा नेपालले त्यसअघि नै सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेको थियो ।

मधेशी दलको विगत एक दशकको राजनीतिक गतिविधि हेर्दा, उनीहरु मधेश आन्दोलनको 'ब्याज' खाने बाहेक अरु केही गर्न नसेकको आरोप लाग्दै आएको छ ।

मधेशी जनताले चाहेका मुद्दाहरू अझैसम्म पूरा हुन सकेका छैनन् । मधेशमा चाहेजस्तो विकासको अनुभूति हुन सकेको छैन । मधेशी जनताले काठमाडौंका शासकहरूभन्दा पृथक शासक खोजेका थिए, जो उनीहरुका आवश्यकता र दुःखलाई नजिकबाट जानुन् र सम्बोधन गरुन् तर आज सम्म समग्रमा केही पृथक अनुभूति भने हुन सकेको छैन ।

यो समयसम्म आइपुग्दा मधेश राजनीतिको विरासत पनि कमजोर हुँदै गइरहेको छ । आज पनि मधेश आफूलाई 'नेपाली हूँ' भनेर प्रमाणित गरिरहन विवश छ । अझै पनि एउटा अलिक भिन्न रंगको अनुहार भएकै कारण आफ्नै देशको राजधानीमा पटकपटक मधेशका नागरिकहरूले नागरिकता देखाउनु पर्छ । मधेशका किसानहरू वर्षौंदेखि आफूले गरेको कर्मको पैसा उठाउन राजधानीका सडकमा आन्दोलन गर्न विवश छन् । अझै मधेशका जमातहरूको पहुँच सबै निकायसम्म उल्लेखनीय रुपमा हुन सकेको छैन । तर पनि मधेशको मत लिएर संसदसम्म पुगेका मधेशका जनप्रतिनिधि मौन छ । उनीहरु आफ्नै निहित स्वार्थलाई मधेशको मुद्दासँग साटेका छन् । उनीहरु हरेक पटक जनतासम्म पुग्छन र उनीहरूको विश्वास र आशाको भऱ्याङ बनाएर सत्तामा चढ्छन् र झर्छन् ।

विगतमा मधेशी दलसँग पटकपटक सम्झौता भए, उनीहरु आफैँ पटकपटक सरकारमा गए पनि तर के का लागि भन्ने ज्वलन्त प्रश्नको उत्तर उनीहरुसँग छैन । आत्मआलोचना सहितको जवाफ मधेशले मधेशी दल र तिनका नेताहरुबाट खोजिरहेको छ ।

# क्षत्री समाजलाई राष्ट्रनिर्माताको तस्वीर प्रदान



काठमाडौं । क्षत्री समाज राष्ट्रिय महासंघलाई पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको तस्वीर प्रदान गरेका छन् । क्षत्री समाजको छैठौं अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र वितरण कार्यक्रममा पुनः निर्वाचित अध्यक्ष विष्णुबहादुर खड्कालाई आइतबार प्रदेश नं. २ का पूर्वप्रदेश प्रमुख डा.अहिराजले तस्वीर प्रदान गरेका हुन् । सो अवसरमा डा.अहिराजले क्षत्री समाजको अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुको सफल कार्यकालको शुभकामना व्यक्तसमेत गरेका थिए ।

## काठमाडौंमा मनाइयो विश्व हिन्दी दिवस

काठमाडौं, २७ पुस । भारतीय राजदूतावासकाठमाडौंले होटल र्‍याडिसनमा विश्व हिन्दी दिवस मनाएको छ । सन् १९७५ जनवरी १० मा भारतको नागपुरमा पहिलो विश्व हिन्दी सम्मेलन मनाइएपश्चात प्रत्येक वर्ष जनवरी १० तारिखका दिन भारत र विश्वका विभिन्न मुलुकहरुमा अवस्थित भारतीय राजदूतावास एवम्उच्च आयोगहरुमा विश्व हिन्दी दिवस मनाउने गरिन्छ । दूतावासस्थित प्रेस, सूचना एवम् संस्कृति प्रभागका प्रमुख नवीन कुमारले कार्यक्रमको अध्यक्षता गरेका थिए । उनले भारतका प्रधानमन्त्रीले यस अवसरमा दिएको सन्देश पढेर सुनाएका थिए । भारतका विदेश राज्यमन्त्री मीनाक्षी लेखीले विश्व हिन्दी दिवसको अवसरमा दिएको सन्देश तथा शुभकामना भिडियोमार्फत प्रस्तुत गरिएको थियो । नेपालका वरिष्ठ हिन्दी साहित्यकार राम दयाल राकेश कार्यक्रमको मुख्य अतिथिको रुपमा उपस्थित थिए भने नेपाल प्रज्ञा प्रतिष्ठान प्राज्ञ परिषदका सदस्य प्रा. डा. उषा ठाकुर विशिष्ट अतिथि थिइन् ।
विश्व हिन्दी दिवसको अवसरमा विशेष गरी हास्य कवि सम्मेलनको आयोजना गरिएको थियो । सो सम्मेलनमा भारतबाट आउनुभएका तीन प्रख्यात कवि सुदिप भोला, विनित पाण्डे र अभिषेक त्रिपाठीले कविता वाचन गरेका थिए । सो कार्यक्रममा काठमाडौंका विभिन्न विद्यालयका १२ जना विद्यार्थीले हिन्दी कविता वाचन गरे जसका लागि उनीहरुलाई पुरस्कृत गरिएको थियो । हिन्दी मासिक पत्रिका 'द पब्लिक' का सम्पादक वीणा सिन्हाद्वारा लिखित लघुकथा संग्रह 'सुनसान गल्लीहरु', 'द पब्लिक' पत्रिका र नेपालका हिन्दी साहित्यकार करुणा झाको कविता संग्रहको विमोचन मुख्य अतिथिले गरे । हिन्दी पत्रिका 'हिमालिनी' को नयाँ अंक अतिथिहरुलाई वितरण गरिएको थियो । कार्यक्रममा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, काठमाडौंका विद्यार्थीहरुले सुमधुर समूह गीत प्रस्तुत गरे । आफ्नो मन्तव्यका क्रममा मुख्य अतिथि राकेशले भारत र नेपालको मैत्री सम्बन्धमा हिन्दी भाषाको सदियौंदेखि अहम् भूमिका रहेको बताए ।

## नेपालगन्जबाट लखेटिए कृषिमन्त्री यादव

नेपालगन्ज । एक उद्घाटन कार्यक्रममा बाँके जिल्लाको नेपालगंज पुगेका संघीय कृषिमन्त्री महेन्द्र राय यादवलाई किसान आन्दोलनकारीहरुले लखेटेका छन् । सोमबार गुपचुप रुपमा नेपालगंज पुगेका मन्त्री यादव बारे किसान आन्दोलनकारीहरुले जानकारी पाएलगतै आन्दोलनकारीहरु कार्यक्रम स्थलमा पुगेका थिए । किसान आन्दोलनकारीहरुले जनकारवाही गर्ने होहल्ला सुरु भएपछि मन्त्री यादवले कार्यक्रम बीचमै छोडेर नेपाल प्रहरी र सशस्त्र प्रहरीको ठूलो सुरक्षा घेरामा पछाडिको बाटो हुँदै भागेको किसान नेता विष्णु यादवले बताएका छन् ।

## मधेशी आयोगका अध्यक्ष र भौतिक पूर्वाधारमन्त्रीबीच भेटघाट

काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त र भौतिक पूर्वाधारमन्त्री रेणु यादवबीच आइतबार सिंहदरबारमा औपचारिक भेटघाट भएको छ ।
सो भेटघाटमा अध्यक्ष डा. दत्तले तराई-मधेशलाई समृद्ध गर्न रेलले महत्वपूर्ण योगदान दिने भएकोले रेललाई यथाशीघ्र संचालनमा ल्याउन अनुरोध गरेका थिए ।
मन्त्री यादवले आगामी फेब्रुअरीको पहिलो हप्तादेखि रेल संचालनमा आउने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।
सो भेटघाटमा कुसाहा-बेल्ही सडक, हुलाकी राजमार्ग, चिसोले गर्दा तराई-मधेशमा कष्टकर बन्दै गइरहेको जीवन लगायातका महत्वपूर्ण विषयमा करिब आधा घण्टा गहन छलफल भएको छ ।

# आर्थिक समाचार

## नेपाल लाइफको सिनियर डिसिओमा प्रवीण रमण पराजुली



काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत (सिनियर डिसिओ) मा प्रवीण रमण पराजुली नियुक्त हुनु भएको छ । आइतबारबाट पराजुलीले सिनियर डिसिओको कार्यभार सम्हालेका हुन् ।
पराजुलीले आफ्ना विगतका अनुभवहरुलाई आधार मानी थप कार्यक्षमता प्रस्तुत गर्ने प्लाटफर्मको रुपमा नेपाल लाइफलाई लिएको बताए ।
संस्थागत सुशासनलाई प्राथमिकतामा राखि कम्पनीलाई हरेक क्षेत्रमा अब्बल सावित गर्न लागि पर्ने प्रतिवद्धता व्यक्त गरे ।
नम्बर १ कम्पनीको यात्रामा मुख्य हिस्सेदार हुनपाउनु गर्वको विषय रहेको बताउँदै, यसलाई अवसर र त्यो भन्दा बढी चुनौतीको रुपमा लिएको बताए । अब मैले नेपाल लाइफको नम्बर १ कम्पनीको छवीलाई हरेक सुचकांकमा अझ बलियो सावित गर्नुपर्ने चुनौती रहेको छ, नवनियुक्त सिनियर डिसिओ पराजुलीले बताए ।
पराजुली यसअघि रिलायन्स लाइफ इन्स्योरेन्समा प्रमुख कार्यकारी अधिकृत (सिइओ) थिए ।

## गुडविल फाइनान्सको वार्षिक साधारणसभा सम्पन्न

काठमाडौं । गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) को २७ औं वार्षिक साधारण सभा होटल क्राउन इम्पेरियल, रबिभवन, काठमाडौंमा विद्युतिय माध्यमबाट जुम मिटिङ्गमार्फत सम्पन्न भएको छ । उक्त वार्षिक साधारण सभामा कम्पनीका अध्यक्ष विश्व प्रकाश साखःज्यू आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।
संस्थाले निक्षेपतर्फ गत आ.व.को तुलनामा १८.८४५ले वृद्धि गरी रु १०,०९,३९,८४,९९७ तथा कर्जा तर्फ १५.६८५ ले वृद्धि गरी रु. ७,९१,३३,८९,६८० पुऱ्याएको जानकारी दिनुका साथै सस्थाका अध्यक्ष विश्व प्रकाश साखःले प्रस्तुत गरेको आ.ब.२०७७/०७८ को आय व्यय विवरण तथा उक्त आ.व.को नाफाबाट ९.१% बोनस शेयर तथा ३.९% नगद लाभांश गरि जम्मा १३% वितरण गर्ने प्रस्ताव सर्वसम्वत रुपमा पारित गरेको छ ।
सो अवसरमा सस्थाका प्रमुख कार्यकारी अधिकृत सरोज काजी तुलाधरले गत वर्ष विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दी तथा यसबाट उत्पन्न भएका अन्य विविध समस्याका कारण सम्पूर्ण आर्थिक गतिविधि लगायत नियमित व्यवसायमा समेत उत्पन्न हुन गएको शिथिलताका बाबजुद पनि वित्तीय संस्थाले अपेक्षा जनक रुपमै कार्य गर्दै लगानी कर्ताहरुलाई गत वर्षभन्दा बढी प्रतिफल दिन सकेको सभामा जानकारी गराए । जुम मिटिङ्गमार्फत सम्पन्न भएको साधारण सभामा बोल्ने शेयरधनीहरुले वित्तीय संस्थाले यस बर्ष थप प्रगति गरी अझ बढि प्रतिफल प्राप्त गर्न सकियोस भनि शुभकामना दिएका थिए ।


**महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो । त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।**

**कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।**



नेपाल सरकार
विज्ञापन बोर्ड



**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं